सकारात्मक सोचकासाथ एकजुट भएर लागौं, देश... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक २८४ • २०८० साल फाल्गुन २८ गते सोमबार (11 March, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपा पनि सरकारमा
# यादव र साहको सपथ



**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) पनि सरकारमा सहभागी भएको छ । जसपाको तर्फवाट पार्टीका अध्यक्ष उपेन्द्र यादव र कार्यकारिणी सदस्य नवल किशोर साह सुडीले मन्त्री पदको सपथ ग्रहण गरेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री यादव र वन तथा वातावरणमन्त्री साहलाई आइतबार पद तथा गोपनीयताको सपथ गराएका छन् । नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा उपप्रधानमन्त्री र मन्त्रीको नियुक्ति, हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गरेका छन् ।

राष्ट्रपति कार्यालय शीतलनिवासमा आइतबार आयोजित समारोहमा उनीहरुलाई राष्ट्रपति पौडेलले सपथ गराए । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल लगायत विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष यादव गत वैशाख १० गते सम्पन्न प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा बारा क्षेत्र नम्बर २ बाट निर्वाचित भएका थिए । उनी यसअघि विस २०७५ मा उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री भएका थिए । प्रतिनिधिसभा निर्वाचन २०७९ मा सप्तरी १ बाट निर्वाचित नवलकिशोर साह यसअघि मधेश प्रदेश सरकारमा सामाजिक विकास मन्त्री थिए ।

# १५ दिने मिथिला माध्यमिकी परिक्रमा प्रारम्भ

**टुडे समाचारदाता**

जनकपुरधाम । १५ दिने मिथिला माध्यमिकी परिक्रमा आइतवार देखि सुरु भएको छ । धनुषाको ठेरा कचुरी स्थित मिथिला बिहारीको मन्दिरबाट आइतवार मिथिला विहारीको डोला निस्केपछि माध्यमिकी परिक्रमा प्रारम्भ हुने गर्छन् । मिथिलाञ्चलका बहुचर्चित साँस्कृतिक उत्सव तथा संसार कै लामो धार्मिक पदयात्राका रुपमा चिनिने मिथिला परिक्रमा मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरको रुपमा रहेको परिक्रमा १५ दिनसम्म चल्ने गर्छन् ।

परिक्रमामा १ सय ३३ किलो मिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानका ठूलो संख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुहरुको सहभागिता रहने गरेका हुन्छन् । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्नीकुण्डबाट किशोरीजी अर्थात माता जानकी र कचुरी मठबाट मिथिला बिहारी भगवान रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मध्यमिथिला परिक्रमा विधिवत रुपमा सुरु हुने परम्परा रही आएको छ ।

फागुन कृष्णपक्षको औसीमा धनुषाको ठेरा कचुरी मठबाट भगवान राम र जानकीको डोला सहित परिक्रमा सुरु हुन्छ । आइतवार राति धनुषाको हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधु सन्त तथा श्रद्धालुहरु सोमवार विहान पूजापाठ गरी भारतको विहार राज्य स्थित कल्याणेश्वरको लागि प्रस्थान गर्नेछन् ।

फागुन औंसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिलाबिहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरधामको हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत रुपमा शुरुवात हुने परम्परा रहेको जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास बैष्णवले जानकारी दिए ।



महाशिवरात्रि लगत्तै सुरु भएको मिथिलाको सर्वाधिक लोकप्रिय १५ दिने माध्यमिक परिक्रमाका कारण मिथिलाञ्चलमा यसपटकको फागुन महिना उल्लास एवं भक्तिमय हुने भएको छ । मिथिला विहारीको नेतृत्वमा पारम्पारिक रुपले आयोजना हुँदै आएको यो परिक्रमामा हजारौको सहभागिता रहने यस धार्मिक यात्रालाई व्यवसायिक रुप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले बताए ।

मिथिलाका जानकार तथा साहित्यकार वरिष्ठ पत्रकार हिमांशु चौधरीका अनुसार नेपाल भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सदभावका प्रतीक बनेको परिक्रमा यात्राको नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको २ गरी १५ विश्रामस्थल छन् । मिथिला महात्मयमा यी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ ।

मिथिला महात्म्य अनुसार १८ औ शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाइँदै आएको छ । यस यात्राका सहयात्रीले नेपालका १ सय ७ र भारतको २६ गरी १ सय ३३ किलोमिटर भूमिका पैदलयात्र तय गर्ने परम्परा रहेको छ । परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगहा, सीतामढी, बैजनाथधामका साधुहरु उल्लेख्य रुपमा सहभागिता हुने गर्दछ ।

मिथिला महात्म्यमा माध्यमिकी परिक्रमा गर्न नसक्नेहरुले छोटो दुरीको अन्तःगृह परिक्रमा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । अन्तःगृह परिक्रमाको सीमा क्षेत्र जनकपुरधाम उप महानगरपालिका भित्र पर्दछ ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त दासका अनुसार वृहत्त परिक्रमालाई मौनी बाबाले १५ दिने माध्यमिकी परिक्रमामा रुपान्तर गरेदेखि हालको परिक्रमा सडक बनेको छ । परिक्रमामा रहेका हरेक विश्रामस्थलको धार्मिक महत्व छ । करिब डेढसय वर्षपूर्व समयदेखि दुईसय सम्म साधुसन्तलाई लिएर वनजंगलको बाटो भएर माध्यमिकी परिक्रमालाई मिथिला महात्म्यको निर्देशअनुसार प्रारम्भ गरिएको थियो । त्यसलाई करिब पचास वर्षपछि स्थानीय सीताकुण्डका महन्त परमहंस सियालाल शरणले पाँचसय साधु सहित वाजागाजा सहित परिक्रमा गरेका थिए ।

पाँचसयको सानो संख्यालाई बढाएर २० हजार पुऱ्याई परिक्रमाको महत्व बढाउने तथा वैष्णव सम्प्रदायको प्रवर्द्धनमा महन्त परमंहसको उल्लेखनीय योगदान रहेको छ ।

माध्यमिकी परिक्रमामा करिब साठी वर्ष अघिदेखि मिथिला महात्मयको कथा वाचन गर्ने मुख्य पण्डित रामदुलारी शरणजी महाराजले सत्तरी वर्षसम्म उक्त भूमिका निर्वाह गरेर सो परिक्रमाको धार्मिकी करण गरेका थिए । परिक्रमामा सहभागी हुनाले मन वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पुरा हुने तथा मोक्ष प्राप्ति हुने धार्मिक मान्यता रहेको कुरा पण्डित गणेश झाले बताए ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ ।

गृहस्थाश्रमदेखि साधुसन्तसम्मको विशाल सहभागिता रहेको यस यात्राका सबै सहभागीलाई यसको महत्वबारे जानकारी नभए पनि उनीहरु उत्साहका साथ यस पर्वमा सहभागी हुने गरेको जानकारी परिक्रमामा डोलीका अगुवाई गर्ने सुन्दर सदनका महन्त नबल किशोर शरणले जानकारी दिए ।






# ‘महिला नेतृत्व विकासका लागि सामूहिक ऐक्यबद्धता जरुरी’



जनकपुरधाम । महिलाको सर्वाङ्गीण विकासबिना सभ्य परिवार, समाज र राष्ट्रको विकास सम्भव नहुने भन्दै धर्मगुरू तथा सामाजिक अगुवालगायतले महिला नेतृत्व विकासका लागि सामूहिक ऐक्यबद्धता जरुरी रहेको बताउनुभएको छ ।

दलित महिला केन्द्र नेपालको आयोजनामा शनिबार धनुषाको लालगढमा भएको ‘लैङ्गिक समानता र महिला नेतृत्वसम्बन्धी धार्मिक, सामाजिक, शैक्षिकलगायत क्षेत्रका अगुवासँग भएको अन्तर्क्रियामा उहाँहरूले महिलाको विकासका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

महिला सवल नभए परिवार र परिवार बलियो नभए समाज र राष्ट्र नै कमजोर हुने जनाउँदै उहाँहरूले लैङ्गिक तथा सामाजिक असमानता हटाउन तयार हुनुपर्नेमा जोड दिनुभयो । “महिला शक्ति कमजोर हुनु भनेको समाजका सबै क्षेत्र कमजोर हुनु हो । त्यसैले विगतका रुढीवादी मानसिकता बदलेर महिलाको सवल नेतृत्व विकासमा जोडदिनु पर्छ”, उहाँहरूले एकस्वरमा भन्नुभयो ।

कार्यक्रममा धार्मिक अगुवा दुर्गाप्रसाद खनालले धर्मशास्त्र र विशेष गरी नारी शक्तिको पूजा गर्ने संस्कृति रहेको हिन्दू धर्मावलम्बीले त्यसलाई व्यवहारमा उतार्न जरुरी रहेको बताउनुभयो । “महिला र पुरुषको सहकार्यबिना समाज विकासको कल्पनासमेत गर्न सकिँदैन तर विगतमा सुझबुझको अभावमा महिलामाथि अन्याय भएको छ । त्यसैले अब हामी धर्मगुरूहरूले अगाडि सरेर वास्तविक सन्देश फैलाउन लाग्नुपर्छ”, खनालले भन्नुभयो । उहाँले विगत ४२ वर्षदेखि पण्डित्याइँ कर्म गर्दै आउनुभएका खनालले समाजमा जातीय, महिला तथा पुरुषबीचको असमानता हटाउन सकारात्मक पहल भएको पाइए पनि अझै धेरै सुधारका लागि लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

त्यस्तै धनुषाको मिथिला नगरपालिका-६, ढल्केबरस्थित राधाकृष्ण मन्दिरका पण्डित बच्चुकैलाश पोखरेलले धर्मशास्त्रले महिला र पुरुषबीच विभेद नगरेका कुरा आफूहरूले समाजमा फैलाउन भूमिका बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यसैगरी बौद्ध धर्मावलम्बी हैत्यसिंह गुञ्जनले बौद्धधर्ममा महिला र पुरुषबीच विभेदको कुरा नरहेको उल्लेख गर्दै असल पक्षलाई अनुशरण र गलत पक्षलाई अस्वीकार गर्न सबैले सचेत हुनुपर्ने बताउनुभयो ।

मिथिलिा नगरपालिका-६ स्थित महेन्द्र माविका प्रधानाध्यापक रामकुमार महतोले समाजमा रहेका गलत परम्परा, सोच र शैलीका कारण महिलालाई अगाडि बढ्न अवरोध भइरहेको भन्दै त्यसलाई बदल्न घरबाटै सहगोगी वातावरण बनाइनुपर्नेमा जोड दिनुभयो ।

“पच्चीस वर्षअघि मैले अध्यापक सुरु गर्दा एउटा कक्षामा पाँचजना छात्रा पनि पाउँदैनथ्यौँ तर अहिले धेरै छात्रा पढ्न आउने गरेका छन् । त्यो क्रम समाजका अरू क्षेत्रमा पनि देख्न सकिन्छ”, महतोले भन्नुभयो, “अब त्यसको गुणात्मक सुधार र सवल नेतृत्व निर्माणमा महिलाहरूले विशेष ध्यान दिनुपर्छ । त्यसमा हामी सबै पुरुष, सामाजिक, धार्मिक, राजनीतिक तथा शैक्षिक क्षेत्रको भूमिका अझ बढी महत्त्वपूर्ण हुनसक्छ ।”

सामाजिक अगुवा सुशीला सुवेदीले पुरुषले गरिदिएर मात्रै नहुने भन्दै आफ्नो अधिकारका लागि महिलाले पनि सबैलाई विश्वासमा लिएर जान सक्नुपर्ने धारणा राख्नुभयो ।


राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष एवं कार्यक्रमका प्रशिक्षक धर्मेन्द्र झाले मधेस प्रदेशमा अहिले पनि लैङ्गिक असमानता, विभेद, दाइजो प्रथाजस्ता कारणले महिला अझ बढी प्रताडित भइरहेका भन्दै त्यसविरूद्ध सबैले सकारात्मक भूमिका खेल्न सक्नुपर्ने बताउनुभयो । उहाँले प्रथा, परम्परा, गलत धार्मिक मूल्य मान्यताका आधारमा हुने महिला हिंसा रोक्न समाजका अगुवाहरूले नै आफ्नो सोचमा परिवर्तन गर्नुपर्ने बताउनुभयो ।

“हामी माता कालि दुर्गा, सरस्वती, लक्ष्मीलगायतलाई पुज्ने धर्मसंस्कारबाट प्रशिक्षत छौँ तर यही समाजमा महिलामाथि हुने उत्पीडन रोक्न सकिरहेका छैनौँ । यो विरोधाभाष शोभनीय होइन । त्यसैले तपाईं हामी अगुवाहरूले विभेदका खाडल पुर्न योगदान गर्नुपर्छ”, झाले भन्नुभयो ।

त्यस्तै, दलित महिला केन्द्र नेपालका संस्थापक अध्यक्ष गौरा नेपाली र संस्थाका कार्यकारी निर्देशक तेजेन्द्र लामाले महिलाविरोधी चिन्तन, मान्यता, प्रथा-परम्परा र धर्म-संस्कारसँग जोडिएका गलत पक्षहरूबारे सचेतना फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको र आगामी दिनमा सहभागीहरूले आ-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका खेल्ने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासङ्घ मधेस प्रदेशका अध्यक्ष सोम शर्मा, द एसिया फाउण्डेसनका अञ्जु विश्वकर्मा, पत्रकार विनोद महतो, नेपाल प्रहरीका सतिकुमारी घिसिङ, सामाजिक अभियन्ता, शोभा माझी, सामाजिक मेलमिलापकर्ता मीरा दाहाललगायतले महिलालाई अवसर दिएमा गर्न सक्छन् भन्ने कुरा प्रमाणित भइसकेको जनाउँदै आपसी सहयोग र सहअस्थित्वको भावनाले अगाडि बढ्न अपिल गर्नुभयो । रासस

# माध्यमिकी परिक्रमा पथ




**पहिलो दिन** :- फागुन औंसीका दिन जनकपुरबाट प्रारम्भ हुने परिक्रमाको पहिलो बिसौनी हनुमान नगर (कुवा) हो। जनकपुरधामबाट २ किलोमिटर दक्षिणमा पर्ने यो ठाउँमा हनुमान, राम तथा जानकीका मूर्तिहरु भएको १ सय ६० वर्षअघि स्थापित मन्दिर छ।

**दोस्रो दिन** :- दोश्रो दिनको मेला लाग्ने कलाणेश्वर भारत उत्तर विहारको बासोपट्टी तथा उमाकुण्डको सानो बस्ती नजिकै छ। भव्य कुण्ड तथा विश्रामालय समेत रहेको कलाणेश्वर (कलना) निकै आकर्षक एवं मनमोहक छ। भविष्यवेत्ताका रुपमा नाम कमाएर प्रसिद्ध सिद्धबाबा १ सय १० वर्ष बसेको ठाउँ पनि यही हो।

**तेश्रो दिन** :- तेश्रो दिनको विश्रामस्थल गिरिजास्थान पनि भारत मै पर्छ। स्थानीयस्तरमा फूलहर नामले चिनिने यो ठाउँमा सीताजीले फूल टिपेर गिरिजा भगवतीको पूजा गर्ने गरेको र त्यही क्रममा भगवान् रामसँग पहिलो देखादेख भएको जनविश्वास छ। गौरीशंकर, जानकी, गिरिजा भगवती र गणेशका मूर्तिहरु एवं कप्टहारिणी र शरसमीर पोखरीहरु भएको यो ठाउँबाट जमुनी नदी बगेको छ।

**चौथो दिन** :- यस दिन परिक्रमाका यात्रीहरु नेपालको मटिहानी आइपुग्छन्। महोत्तरी जिल्लामा पर्ने मटिहानी पूरातात्विक महत्वका १२ वटा मन्दिर तथा ८ वटा पोखरी भएको घना बस्ती हो। नेपालमा संस्कृतको पढाइ हुने ठाउँका रुपमा परिचित मटिहानीमा एउटा पुरानो संस्कृत महाविद्यालय तथा मठहरु छन्।

**पाँचौं दिन** :- मिथिला परिक्रमाका यात्रीहरु यस दिन जलेश्वरनाथ महादेवको दर्शन गर्न महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर आइपुग्छन्। जलेश्वरनाथको मन्दिरको शिवलिङ्ग सधैंभरि जलमै डुबेको हुन्छ।

**छैटौं दिन** :- यस दिन यात्रीहरु जलेश्वरबाट मडई आइपुग्छन्। यहाँ मुनेश्वर महादेवको मन्दिर तथा २ वटा आकर्षक पोखरी छन्।

**सातौं दिन** :- सातौं दिनको विश्रामस्थल ध्रुंव कुण्ड हो। यहाँ ध्रुवजीको मन्दिर छ।

**आठौं दिन** :- यात्रीहरुको आठौं दिनको गन्तव्य कञ्चनवन हरिणमरी तथा हरिशपुर नजिकै पर्छ। यहाँ सीतारामको मन्दिर छ।

**नवौं दिन** :- यस दिनको विश्रामस्थल पर्वता हो। यहाँ हनुमानजीको विहाल मन्दिर छ। पर्वता पुग्नुपूर्व भक्तजनहरुले हरिहरपुर स्तित क्षीरेश्वरनाथ महादेव स्थानमा पूजा अर्चना गर्छन्।

**दसौं दिन** :- यस दिन यात्रीहरु धनुषाधाम आइपुग्छन्। सीताजीसँग स्वयम्बर हुनुअघि भगवान् रामले भाँचेको धनुषका एक टुक्रा यहाँ खसेको विश्वास गरिन्छ।

यो ठाउँ धनुष दर्शनका लागि प्रख्यात छ। विवाह पञ्चमी तथा रामनवमीका बेला पनि ठूलोमेला लाग्ने धनुषाधाम स्थित पोखरी, वाणगंगा नदी एवं उत्तरपट्टी करिब ५ सय विघामा फैलिएको घना वन क्षेत्रको यो ठाउँलाई विशेष रमणीय बनाएको छ। यहाँ माघ महिनाको प्रत्येक आइतबार मकर मेला लाग्छ।

**एघारौं दिन** :- यात्रीहरुको एघारौं दिनको गन्तव्य सतोषर हो। राममन्दिर र पोखरी रहेको यो ठाउँमा असार साउन महिनामा बोलबम तथा झूला पर्व पनि मनाइन्छ।

**बाह्रौं दिन** :- यात्रीहरुको बाह्रौं दिनको गन्तव्य औरही हो। जनकपुर जयनगर रेल्वेको तेश्रो विसौनी वैदेही नजिकै रहेको औरहीमा भक्तजनहरु कमला नदीमा स्नान गरी रामजानकी मन्दिरको दर्शन गर्छन्।

**तेह्रौं दिन** :- भारतको विशौल परिक्रमा यात्रीहरुको तेह्रौं दिनको गन्तव्य हो।

**चौधौं दिन** :- चौधौं दिन परिक्रमा यात्रीहरु करुणा भन्ने स्थानमा आइपुग्छन्। यो कलाणेश्वर नजिकै छ।

**पन्ध्रौ दिन** :- यस दिन परिक्रमाका यात्रीहरु जनकपुर आइपुग्छन्। यो यात्राका अन्तिम दिन हो। फागुपूर्णिमाको सन्ध्यामा जनकपुरमा विश्राम गरी पूर्णिमाको विहानै जनकपुरको पञ्चकोसी परिक्रमा (अन्तगृह) पछि श्रद्धालुहरु जानकी मन्दिर लगायत अन्य मठ मन्दिरहरुमा दर्शन, पूजन गरी घर फर्कन्छन् ।

यसरी मिथिला परिक्रमाको १५ दिने यात्रा समाप्त हुन्छ। परिक्रमा यात्रीहरुका लागि बाटोमा पर्ने विभिन्न स्थानमा पानी, सर्वत, नास्ता, औषधि आदिको व्यवस्था गरिएको हुन्छ।

माध्यमिकी परिक्रमा क्षेत्रको अधिकांश भूभाग नेपालमा पर्ने गर्छ। परिक्रमामा सहभागी हजारौं यात्रु र सो अवसरमा डोला विश्राम गर्ने मेलामा सहभागी लाखौं श्रद्धालु भक्तजनको भीडलाई व्यवस्थित तथा नियन्त्रण गर्न सरकारी लगायत गैरसरकारी क्षेत्रका संस्थाहरु प्रयासरत रहेका छन ।

# राष्ट्रियसभा बैठक शुरु, अध्यक्षको निर्वाचन फागुन २९ लाई तोकियो

काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठक शुरु भएको छ । आइतबारको बैठकमा राष्ट्रियसभाको अध्यक्ष पदको निर्वाचनका लागि दिन तोक्ने कार्यसूची रहेकोमा फागुन २९ गतेलाई उक्त मिति तोकिएको छ ।

राष्ट्रियसभा नियमावली २०७५ को नियम ७ बमोजिम राष्ट्रियसभाको अध्यक्षका लागि २०८० फागुन २९ गते मङ्गलबारको मिति तोकिएको जानकारीसहित र यो निर्वाचनसम्बन्धी सूचना प्रकाशित गर्न संसद्का महासचिव पद्मप्रसाद पाण्डेलाई आइतबारको बैठकले निर्देशन दिएको छ ।

त्यसैगरी, आइतबारको बैठकले राष्ट्रियसभाको यही फागुन १८ गतेको बैठकमा सांसद भुवनबहादुर सुनारले राष्ट्रियसभाको दोस्रो संशोधन नियमावली २०८० माथिको छलफलमा भाग लिने क्रममा प्रयोग भएको ‘स्यालको छाला ओढेको ब्वाँसो भन्ने कि के भन्ने जस्तै कम्युनिष्टका नाम बोकेको मानिसको चरित्र उदाङ्गो भयो’, भन्ने वाक्यांशप्रति सभाका सदस्य उदयबहादुर बोहराबाट नियमापत्ति भएको सन्दर्भमा उक्त वाक्याङ्श राष्ट्रियसभा नियमावली २०७५ को नियम २१ बमोजिम असान्दर्भिक देखिएको हुँदा संसदको रेकर्डबाट हटाउन निर्देशन दिएको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकमा आगामी आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित विधेयकका सिद्धान्त प्राथमिकतामाथि छलफल हुँदैछ । रासस

# नवनियुक्त वनमन्त्री सुडीद्वारा पदबहाली




काठमाण्डु । नवनियुक्त वन तथा वातावरण मन्त्री नवलकिसोर साह सुडीले पदबहाली गर्नुभएको छ । राष्ट्रपति कार्यालयमा आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनियताको सपथ लिएपछि सिंहदरबारस्थित मन्त्रालय पुगेर उहाँले आइतबारै पदबहाली गर्नुभएको हो ।

सो अवसरमा मन्त्रालयलका सचिव डा दीपकुमार खराललगायत मन्त्रालयल र मातहतका विभाग तथा निकायका उच्चपदस्थ कर्मचारीहरुले उहाँलाई स्वागत गर्नुभएको थियो । पदबहालीपछि रासससँग कुरा गर्दै मन्त्री सुडीले मन्त्रालयल तथा निकायका सबै कर्मचारीसँग सरसल्लाह तथा विचार विमर्श गरेर मन्त्रालयलका काम अघि बढाउने बताउनुभयो ।

मन्त्री सुडीले भन्नुभयो, “वनको विकास र वनबाट मुलुकको समृद्धि कसरी हासिल गर्न सकिन्छ भन्ने सम्बन्धमा सरोकारवाला सबैसँग राय सुझाव सल्लाह लिएर मन्त्रालयका काम अघि बढाउने छौं ।” मुलुकको करिब ४५ प्रतिशत भूभाग ओगटेको वन क्षेत्रबाट स्थानीय जनताका जीविकोपार्जनको आवश्यकता पूरा गर्ने र मुलुकमा रोजगारी सिर्जना गर्ने सम्बन्धमा आफ्नो ध्यान केन्द्रित हुने उहाँले विश्वास दिलाउनुभयो ।

मन्त्री सुडीले पदबहालीपछि सङ्घीय मन्त्रालय र सातै प्रदेशका वन मन्त्रालयबीच समन्वयका लागि समन्वय अधिकृत तोक्ने पहिलो निर्णयमा हस्ताक्षर गर्नुभएको छ ।

उक्त निर्णयानुसार सङ्घीय वन मन्त्रालयका सहसचिवहरु बद्रीराज ढुंगानालाई (कोशी प्रदेश), नवराज पुडासैनीलाई (मधेश प्रदेश), राजेन्द्र केसीलाई (बागमती प्रदेश), डा महेश्वर ढकाललाई (गण्डकी प्रदेश), डा बुद्धिसागर पौडेललाई (लुम्बिनी प्रदेश), मोहनदेव जोशीलाई (कर्णाली प्रदेश) र शिवकुमार वाग्लेलाई (सुदूरपश्चिम प्रदेश) समन्वय अधिकृत तोकिएको सचिव डा खरालले जानकारी दिनुभयो ।

मन्त्री सुडी प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ सालमा सप्तरी क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको हो । रासस

# पुरानो गठबन्धन टुट्नु सकारात्मक : वरिष्ठ उपाध्यक्ष पोखरेल

गोदावरी । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले कांग्रेससँग गठबन्धन टुट्नु सकारात्मक भएको बताउनुभएको छ ।

प्रेस चौतारी नेपालले आइतवार धनगढी विमानस्थलमा गरेको पत्रकार सम्मेलनमा उहाँले अहिले नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सहितको गठबन्धन विधिसम्मत भएको टिप्पणी गर्नुभयो । उहाँले विगतमा गरिएको गठबन्धन एमालेलाई सिध्याउने योजनाबाट निर्देशित भएको दाबी गर्दै निश्चित कार्यक्रम र उद्देश्य नभएको गठबन्धन टुट्नु सकारात्मक भएको बताउनुभयो ।

उपाध्यक्ष पोखरेलले अहिलेको नयाँ गठबन्धन अगामी २०८४ को निर्वाचनसम्मै कायम रहने दाबी पनि गर्नुभयो । संरचनागत ढङ्गले अघि बढे भविष्यमा वामपन्थीबीच एकता पनि हुनसक्ने र नयाँ गठबन्धनलाई सबैले सकारात्मक रूपमा लिनुपर्ने बताउँदै उहाँले नयाँ गठबन्धनलाई कायम राख्न वामपन्थी समूह एकताबद्ध हुनुपर्नेमा उहाँले जोड दिनुभयो । रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा, ज.उ.म.न.पा.को रेल्वे स्टेशन नजिक रहेको सब्जी बजारमा Parking गरिराखेको अवस्थाबाट मिति २०८०/११/२५ गते बेलुका करिब ७:३० बजे प्र. ०२-०२-००५-प-६९६७ नम्बरको Matt Sparkle Black रंगको ईन्जिन नं. DHXRMF90515 चेचिस नम्बर MD2A11CX8MPF01423 को बजाज कम्पनीको पल्सर 149.2 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः नन्द किशोर यादव**
**ठेगानाः कमला न.पा.-८, धनुषा**
**मो. नं. ९८२७६८८३७४**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको मिथला बिहारी नगरपालिका ८ कचुरीस्थित मिथिला बिहरी मन्दिरमा दर्शनार्थीको भीड । यो मन्दिरबाट आजदेखि १५ दिने लामो मिथिला माध्यमिकी परिक्रमाको डोला निकालिँदैछ । *तस्बिर : संजय*

# पूर्वअध्यक्ष र अधिकृत सहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर




**टुडे समाचारदाता**

महोत्तरी । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको सम्सी गाउँपालिकाका पूर्वअध्यक्ष शेष फारुक, निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहिबुल अन्सारीसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

गाउँपालिकाको वडा नम्बर ६ मा आर्थिक वर्ष २०७७/७८ मा बनाइएको सडक ढलान योजना,पीसीसी ढलानसमेतका योजनामा स्थायी इञ्जिनियरबाट कामकाज नगराई करारको इञ्जिनियरबाट इष्टिमेट र मूल्याङ्कन गराएर अनियमितता गरेको अख्तियारले जनाएको छ। नक्कली नापी किताब, बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी भ्रष्टाचार गरेको आयोगको निष्कर्ष छ।

आयोगले ओमकुमार महतोले बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाहदेखि उमरपुर चौकसम्म योजनाको बिलअनुसार भुक्तानी प्रक्रिया अगाडि बढाउन ४ लाख ३ हजार ५८१ रकम भुक्ताबनी दिएर गैर कानुनी काम गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

फारुक २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा माओवादीबाट गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए।

# उपप्रधानमन्त्री यादवद्वारा पदबहाली



काठमाण्डु । नवनियुक्त उप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले पद तथा गोपनियताको सपथपछि मन्त्रालय पुगी पदबहाली गर्नुभएको छ ।

उहाँले पदबहाली गर्दै सङ्घीय तथा प्रादेशिक अस्पतालहरुमा शल्यक्रियामा देखिएको ढिलाईलाई छिटो छरितो व्यवस्था मिलाउने पहिलो निर्णयमा हस्ताक्षर गर्नुभयो । उहाँले स्वास्थ्य उपचारका लागि लामो समय लाइनमा बस्नुपर्ने सास्ती कम गराउन डिजिटल प्रविधिलाई अझ बढी प्रभावकारी बनाउने समेत निर्णय गर्नुभयो ।

"बिरामीहरु लामो लाइन बसेर उपचार सेवा लिनुपर्ने बाध्यताको अन्त्य हुनुपर्छ । यसलाई सहज बनाउदै बिरामीले समयमै उपचार सेवा पाउने गरी अनलाइन एवं डिजिटल प्रविधिमार्फत घरैबाट पनि समय लिने व्यवस्था मिलाउने छौ", उहाँले भन्नुभयो, "गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै सरकारी स्वास्थ्य संस्थाको क्षमतावृद्धि र विकास गर्नेछौ ।"

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष यादव गत वैशाख १० गते सम्पन्न प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा बारा क्षेत्र नम्बर २ बाट निर्वाचित हुनुभएको थियो। उहाँ विस २०७५ मा पनि उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हुनुभएको थियो।

विस २०३२ सालमा वामपन्थी विद्यार्थी राजनीतिमा प्रवेश गर्नुभएका यादव नेपाल कम्युनिष्ट पार्टीको सदस्य हुँदै राजनीतिमा सक्रिय हुनुभएको हो । उहाँ विस २०४८ सालदेखि नेकपा (एमाले) मा आवद्ध हुनुभयो । विस २०६३ सालदेखि मधेसी जनअधिकार फोरम, नेपालको गठन गरी अध्यक्षको भूमिका निर्वाह गर्नुभयो । उहाँ हाल जसपा नेपालको अध्यक्ष हुनुहुन्छ । विस २०६४ को संविधानसभा निर्वाचनमामा सुनसरी-५ र मोरङ-५ बाट र विस २०७० मा सुनसरी-५ बाट निर्वाचित हुनुभएको थियो । उहाँ विस २०७४ मा सप्तरी-२ बाट निर्वाचित हुनुभएको थियो। रासस

# संस्कृति जगेर्ना र पहिचान खोज्दै जनजाति

महोत्तरी । बर्दिबासमा आदिवासी जनजातिको चौथो महोत्सव जारी छ। गत बिहीबारदेखि सुरु भएको १२ दिने महोत्सवमा आफ्नो जातीय पहिचान र संस्कृतिको जगेर्ना नै मुख्य रुपमा यहाँका जनजातिले उठाएका छन् ।

आगामी चैत ५ गतेसम्म रहने नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद्को आयोजनामा भएको महोत्सवमा यहाँका नौ जनजाति समुदाय सरिक छन् । त्यसमा मधेसका रैथाने दनुवार, थारू, धानुक तथा पर्वते मूलका भए पनि यहाँ पुस्तौँदेखि बसोबास गर्दै आएका मगर, तामाङ, घर्ती, नेवार, राई किरात र माझी सम्मिलित छन् ।

पाका उमेरका दनुवारको अहिले पनि कम्मरमा 'डेली' (माछा समातेर राखिने बाँसको चोयाले बनेको ढुङ्गो) भिरेर छिपछिपे पानी देख्नासाथ 'खौकी' (माछा मार्ने सानो जाल) डुबाउनु दैनिकी छ । मधेसका आदिवासी दनुवारको विवाहमा अहिले पनि दुलहा (बेहुला) ले काँधमा तरबार भिरेर विधि सम्पन्न गर्ने चलन छ।

दनुवार महाभारतकालका कौरव, पाण्डवका सशस्त्र शिक्षाका गुरु द्रोणाचार्यसँग पुर्ख्यौली साइनो जोडछन् । द्रोणसँगको साइनोले 'द्रोणवार' भनिँदै पछि आफ्नो जाति 'दनुवार' भनिन लागेको बताउने यिनीहरु आफ्नो जातीय संस्कृति झल्काउने पहिरन र सामग्रीका साथ महोत्सवमा सरिक छन् ।



कृषि मुख्य पेसाका दनुवार, थारूले परम्परागत हलोजुवा, कोदालोसहितका कृषि ज्यावलको प्रदर्शनी र फरकफरक चाडपर्वको झलक दिने परिकार महोत्सवमा पस्कँदै छन् । महोत्सवमा जाडोयाममा खाइने चामलको पीठो बफ्याँएर पकाइने बगिया, तिलासक्रायतलाई र छठ पर्वका ठकुवाभुसुवा तथा दीपावली पर्वका विशिष्ट परिकार घुरियालो (सेलजस्तै) सहितका मिष्टान्न परिकार छन् । वेशभूषा, बोलीचाली, चाडबाड र परम्परागत व्यवसाय उस्तैउस्तै रहेका थारू, दनुवार जनजातिमात्र नभएर यहाँका मूल रैथाने आदिवासी मानिन्छन् ।

महोत्सवको मुख्य पक्ष नै जातीय परम्परा, संस्कृति परम्परा र रीतिथिति देखाउनु, बुझाउनु र सम्झाउनु रहेको दनुवार जागरण समाज महोत्तरीका सदस्य गौशाला-९ बिसरपुरका बासिन्दा पविसिंह दनुवार बताउनुहुन्छ । महोत्सवमा थारूले 'घुँगी' (शङ्‍खे कीराजस्तै सानो आकारको जीव) का परिकार, सिद्रा र कोदोका रोटीको स्वाद अवलोकनकर्तालाई चखाएका छन् ।

यसैगरी, हातमा माछा मार्ने खौकी (जालजस्तै) र कम्मरमा 'डेली' (खौकीमा परेका माछा राख्ने बाँसको चोयाले बनेको एक प्रकारको भाँडो) भिरेर थारू र दनुवार युवाले महोत्सवमा सांस्कृतिक कार्यक्रम पस्कँदैछन् । यसैगरी, जातीय पहिरनमा सजिएका तामाङ, मगर, राई किरात, घर्ती, नेवार र माझी युवायुवती सबैको आँखामा पर्ने गरेका महोत्सव अवलोकनकर्ताको प्रतिक्रिया हुने गरेको छ । महोत्सवमा नेवारले १३ परिकार रहने नेवारी खाजा पस्कँदै छन् ।

महोत्सवले पर्यटन र कृषि प्रवर्द्धनमा जोड दिएको छ। "हाम्रो समृद्धिको आधार नै पर्यटन प्रवर्द्धन र आधुनिक कृषि प्रणालीको विकास हो", आयोजक संस्थामा आबद्ध दनुवार जागरण समाजका सुखासिंह दनुवार भन्नुहुन्छ, "यो महोत्सवलाई यसै कुरामा केन्द्रित गर्दैछौं ।"

महोत्सवमा विभिन्न जातीय परम्परा र संस्कृति झल्काउने कार्यक्रमसँगै स्थानीय कृषि उत्पादन तथा लघुउद्यममा निर्मित सामग्री प्रदर्शनीमा राखिएका छन् । महोत्सवले स्थानीय उद्यम र कृषिबारे चासो बढाउने तथा राज्यका निकायलाई यिनको प्रवर्द्धनमा झकझक्याउने अपेक्षा राखिएको महासङ्घले जनाएको छ ।

महोत्सवमा स्थानीय कृषि उत्पादन, स्थानीय सीपबाट उत्पादित सामग्री र परम्परागत घरपरिवार प्रयोजनका सामग्रीको प्रदर्शनी तथा बेचबिखनका कक्षबारे दर्शकले चासोपूर्वक अवलोकन गरेका छन् । यी सामग्रीका एक सयभन्दा बढी प्रदर्शनी र बिक्री कक्ष सञ्चालन गरिएको छ । महोत्सवको १२ दिने अवधिमा पाँच लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ ।

मुलुकमा विभिन्न समयका राजनीतिक अधिकारका आन्दोलनले सफलता पाउँदै गए पनि पहिचानको आन्दोलन भने अझै निर्णायक बन्न नसकेको आदिवासी जनजातिको बुझाइ छ ।

महोत्सवमार्फत पहिचानसँग जोडिएका मुद्दाबारे थप बहसको वातावरण तयार गर्दै पछिल्लो पुस्तालाई आ-आफ्ना संस्कृति, परम्परा पछ्याउन (अनुसरण गर्न) प्रेरित गर्नु मुख्य ध्येय भएको आयोजक संस्थाका अध्यक्ष धननारायण श्रेष्ठको भनाइ छ। रासस

# घुस रकम सहित एक प्रहरीको असई र एक हवल्दार पक्राउ




**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा २० हजार घुसको रकम सहित एक प्रहरीको असई र एक हवलदारलाई रंगे हात पक्राउ गरिएको छ। गौशाला नगरपालिका १२ स्थित प्रहरी चौकी कान्तिबजारका इन्चार्ज प्रहरी सहायक निरिक्षक शर्मा प्रसाद यादव र हवल्दार मंजित कुमार झालाई २० हजार रकम सहित रंगे हात पक्राउ गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बर्दिवासका अनुसार गौशाला नगरपालिका १२ स्थित गैरीटोल भन्दा पुर्व उतरपट्टी मुसहर बस्ती जाने बाटोमा उभिरहेको अवस्थामा गोप्य सुचनाको आधारमा चेकजाँच गर्दा हवल्दार मंजित कुमार झाको पकेटबाट २० हजार रकम फेला परेपछि पक्राउ गरेको अख्तियारको कार्यालयले जनाएको छ।

उनीहरुलाई जग्गाको भोग चलन सम्बन्धि विवाद मिलाई दिन्छु भन्दै सेवाग्राहीसंग लिएको २० हजार घुस रकम सहित पक्राउ गरिएको अख्तियारको कार्यालयले जनाएको छ । घटना बारे थप अनुसन्धान भईरहेको अख्तियारका कार्यालय बर्दिवासले जनाएको छ।

**राजर्षिजनक विश्वविद्यालय**
**जनकपुरधाम, धनुषा**
**राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशकपदहरुमा नियुक्तिका लागि**
**दरखास्त आव्हान सम्बन्धी म्याद थपको सूचना**
**(दोस्रो पटक प्रकाशित मिति : २०८०/११/२८)**

राजर्षिजनक विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०८०/११/१५ को निर्णय बमोजिम विश्वविद्यालयको रिक्त रहेको मानविकी तथा कानुन संकाय, व्यवस्थापन संकाय, स्वास्थ्य विज्ञान संकाय र विज्ञान प्रविधि तथा इन्जिनियरिंग संकायका डीनहरु तथा अनुसन्धान केन्द्र, पाठ्यक्रम विकास केन्द्र र राजर्षिजनक अध्ययन अनुसन्धान केन्द्रका निर्देशकहरु नियुक्ति गर्ने प्रयोजनका लागि क्रमशः राजर्षिजनक विश्वविद्यालय, संगठन संरचना तथा व्यवस्थापन नियमावली, २०७५ को परिच्छेद - १४ को दफा १०० (संशोधन, सातौ सभा) र राजर्षिजनक विश्वविद्यालय, संगठन संरचना तथा व्यवस्थापन नियमावली, २०७५ को परिच्छेद - १६ को दफा ११४ (संशोधन, सातौ सभा) बमोजिम गठित सिफारिस समितिबाट स्वीकृत "राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धि कार्यविधि, २०८०" बमोजिम उम्मेदवार छनौट गरी सिफारिस गर्ने प्रयोजनका लागि कार्यविधि बमोजिम योग्यता पूरा गरेका नेपाली नागरिकबाट मिति २०८०/११/१९ मा प्रकाशित सूचना बमोजिम प्रयाप्त आवेदन नपरेकोले पुनः दोस्रो पटक प्रकाशित भएको मितिले सात (७) दिन भित्र राजर्षिजनक विश्वविद्यालयको केन्द्रीय कार्यालय, जनकपुरधाम, धनुषामा कार्यालय समयभित्र निवेदन पेश गर्न वा राजर्षिजनक विश्वविद्यालयको Email : info@rju.edu.np मार्फत पेश गर्न आह्वान गरिएको छ ।

**"राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धि कार्यविधि, २०८०"** राजर्षिजनक विश्वविद्यालयको Website: www.rju.edu.np बाट हेर्न सकिन्छ ।

**सम्पर्क** : ९८११६०५३४७ **रजिष्ट्रार**

**राज भेटेरीनरी हस्पिटल एण्ड रिर्सच सेन्टर**
**जनकपुरधाम-१३, पिडारी, राज चौक**



**Dr. Saroj Kumar Yadav (Raaz)**
DVM (CVASU), Bangladesh
PGT (Pet & Poultry), India
Dog & Cat Surgery, Thailand
MS (Surgery), (CVASU), Bangladesh
Ph.D Surgery Orthopedic (Fellow)
Surgery Specialist

**Our Services**
- Home Call Treatment
- Pet Vaccination
- Pet Deworming
- Pet Health Certificate
- Pet Neutering & Spaying
- Poultry Farm Consultancy
- Dairy Farm Consultancy
- Farm Planning


+9779806020217
+9779844028561
+8801770307209
shirfraaz@gmail.com
facebook.com/raaz.saroj



**गोपाल सेवा समिति**
**जिल्ला कार्य समिति, जनकपुरधाम, धनुषा**
**छैठो जिल्ला अधिवेशन सम्बन्धी सूचना**

उपरोक्त विषयमा गोपाल सेवा समिति, जिल्ला कार्य समिति, धनुषाको निर्णय अनुसार छैठो जिल्ला अधिवेशन मिति २०८० साल चैत्र १७ गते शनिबारको दिन ११ बजे देखि हुने भएकोले समितिसंग आवद्ध सम्पूर्ण आजिवन सदस्यहरु, शिक्षक, बुद्धिजिवी, चिकित्सक, कानून, पत्रकार तथा सम्बन्धित सबै महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**राजेन्द्र प्रसाद यादव**
**सचिव**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# परिक्रमा पथको सुधार गर

नेपाल र भारतलाई धार्मिक एवं सांस्कृतिक रुपमा जोड्ने मिथिलाको १५ दिने माध्यमिकी परिक्रमा प्रारम्भ भएको छ । हरेक वर्ष झैं यस वर्ष पनि मिथिला परिक्रमा धनुषा जिल्लाको कचुरीस्थित मिथिला बिहारीको मन्दिरबाट भगवानको डोला उठेको छ । धुमधामसाथ उठेको डोला जनकपुरधामको हनुमानगढीमा विश्राम गर्नेछ । त्यसपछि जनकपुरधामका विभिन्न मठमन्दिरहरु लगायतका डोला सहित श्रद्धालुहरु भारतको बिहार राज्यको कल्याणेश्वर महादेव स्थान पुग्ने छ । त्यहाँबाट नै औपचारिक रुपमा मिथिला परिक्रमा प्रारम्भ हुन्छ । मिथिला परिक्रमाको समापन जनकपुरधामको अन्तगृह परिक्रमापछि पूरा हुन्छ । झण्डै १ सय ५ किलोमिटर लामो परिक्रमाको मार्गमा भारतको ४ वटा पवित्र स्थान पर्छ । नेपालको ११ स्थानमा परिक्रमावासीले रात्री विश्राम गर्छ । मिथिला परिक्रमाको धार्मिक महत्वसँगै वैज्ञानिक महत्व पनि छ । परिक्रमाको क्रममा सहभागीहरु खाली खुट्टा यात्रा गर्छन् । खुल्ला स्थानहरुमा विश्राम गर्छन् । एकछाक मात्र भोजन गर्छन् । आफैले पकाएको शाकाहारी भोजन पनि सूर्यअस्त भन्दा अगावै गर्छन् । परिक्रमा पथ श्रद्धालुहरुका लागि सहज भने छैन् । नांगो खुट्टा हिड्ने श्रद्धालुहरुका लागि परिक्रमापथमा कच्ची बाटो आवश्यक छ । बालुवा अथवा नरम माटो राखिएको बाटोमा यात्रुहरुलाई सहज हुने गर्छ । तर परिक्रमा सडकलाई कालोपत्रे र कतिपय स्थानमा ढलान गरिएको कारण यात्रुहरुलाई घाममा हिड्न कठिन हुन्छ । कतिपय सडकको अवस्था जिर्ण भएर ढुंगा र गिट्टीहरु रहेकाले परिक्रमाबासीहरुलाई यात्रा झन कष्टकर हुन्छ ।वृहत्त परिक्रमालाई मौनी बाबाले १५ दिने माध्यमिकी परिक्रमामा रुपान्तर गरेदेखि हालको परिक्रमा सडक बनेको छ । परिक्रमामा रहेका हरेक विश्रामस्थलको धार्मिक महत्व छ । भगवान शिवलाई साक्षी मानेर कल्याणेश्वर स्थानबाट प्रारम्भ हुने परिक्रमाले गिरीजास्थानको दर्शन गर्छन् । जगतजननी जानकी माताले राजा जनकको फुलवारीमा फुल टिपेर गिरिजामाईको पूजा गरेको रामायणमा उल्लेख छ । त्यै फुलवारीमा भगवान रामसित उनको पहिलो भेंट भएको धार्मिक मान्यता छ । भगवान राम विवाहपश्चात पहिलो पटक होली हालको महोत्तरी जिल्लाको कञ्चनवनमा खेलेको मान्यतालाई निरन्तरतादिदै परिक्रमावासीहरुले त्यहाँ धुमधामका साथ होली खेल्ने गर्छन् । भगवान रामले भंग गरेको पिनाक धनुषको एउटा टुक्रा खसेको धनुषाधाममा पनि परिक्रमावासीहरु रात्री विश्राम गर्छन् । परिक्रमाको महत्वलाई दृष्टिगत सडक र वासस्थानलाई व्यवस्थित गर्नु आवश्यक छ । पर्यटकीय दृष्टिले अति महत्वपूर्ण रहेको परिक्रमलाई प्रदेश र स्थानीय सरकारले ध्यान दिन सके धार्मिक पर्यटकलाई समेत परिक्रमा गराउन सकिन्छ ।

# गाउँकै सिंहदरबार अगाडी डोम बस्तीको बिजोग



फाइजाफमिदा

धनुषाको बटेश्वर गाउँपालिका कार्यालयको ठीक सामुन्ने छ दलित बस्ती । गाउँकै सिंहदरबारको दलितबस्तीकी समुन्द्री मल्लिक डोमलाई जति बेला पनि खानेपानी र आवासको समस्याले पिरोलि रहन्छ । समुन्द्रीको आफ्नै खानेपानीको हाते कल छ । तर, सुकेको वर्षौं भयो । छिमेकको इनारबाट खानेपानी किनेर खानुपर्छ । इनारमा जडान भएको मोटरबाट तीन भाँडो पानी ल्याउँदा तीन दिनसम्म खानु पर्ने बाध्यता समुन्दीको परिवारलाई छ । जसको मासिक अढाई सय रुपैयाँ उनले छिमेकलाई बुझाउनु पर्छ । तापनि तल्लो जात भएको कारण पानी दिन कचकच गर्ने गरेको समुन्द्रीको गुनासो गर्छिन् ।

'अपन पानी पियबला कल सुखेला वर्षौं भगेलै । परोसीके इनारसे पानी लबै छी । महिनाके २५० रुपैयाँ दैछियै । तैयो पनी दैला किचकिच करैत रहै है' समुन्द्री गुनासो पोख्छिन् 'एक दिन पानी लबै छियै त कहियोकाल तीन दिनतक पिय परै है'

श्रीमान, पाँच छोरा, एक छोरी, दुई बुहारी, दुई नातिसहित १२ जनाको परिवार रहेको समुन्द्रीलाई पानीको मात्रै समस्या छैन । उनलाई बस्ने घरको समस्याले पनि सताइ रहन्छ । किनभने घरको अभावले उनको परिवार नै बिथोलिएको छ । दुई छोरा बुहारी बालबच्चासहित ससुरालीमै बस्छन् ।

'देखैछियै घरमे पलास्टर नै है । साँप किराके डर है । देवालमे साँपके केछुवा देखलेलकै त बेटापुतौह बालबच्चा लक ससुराइर चैल गेलै । ओमहरे रहै है' समुन्द्री भन्छिन् ।

उनको परिवारका सबै सदस्य तीन वर्ष अघिसम्म आफ्नै फुसको घरमा जेनतेन दुःखसुख गरी बस्दै आएका थिए । बटेश्वर गाउँपालिका कार्यालयले विपन्नलाई पक्की घर बनाइ दिने प्रलोभन दिँदै २०७८ असारमा फुसको घर भत्काउन लगायो । जग हालेर भित्ता ठड्याउँदै दुई वर्ष अलपत्र छाड्यो ।आवासको समस्याले बिहे भएका दुई छोरा श्रीमती बालबच्चासहित ससुराली तिर लागे । परिवारका अन्य सदस्य छेउमै बाँकी रहेको टुटेको फुसको घरमा कष्टपूर्ण बास बसे ।

कयौंपटक गुनासो गर्दा २०८० को जेठमा पालिकाले माथि छानो हाल्यो । ढोका लगायो । नत पालस्टर गरे, झ्याल लगाइदियो । जसको कारण भित्तामा कीराको डर छ । छोराबुहारी बालबच्चा लिएर आउँछन् । तर पलास्टर बिनाको भित्तामा सर्पकिराको डरले फेरि ससुराली नै फर्किने गरेको समुन्द्रीको गुनासो छ ।

'बीचबीच मे बेटा पुतहु बालबच्चासहित अबै है । मुदा घरमे साँपकिराके डर से नै रहचाहै है' समुन्द्री दुखेसो गर्छिन् । उनका अनुसार घर भत्काउने बेला पालिकाले चाँडै पक्की घर बनाइ दिने प्रतिवद्धता गरेका थिए । त्यतिबेला समुन्द्रीको परिवार निकै खुसी भयो । तर पालिकाले समयमै घर नबनाउँदा उनको परिवार नै भाँडिएको छ ।



'जल्दीये बनादेबै से कहिक वर्षेमे घर तोरबा देलकै । अखनतक एहने अधुरा छोइर देने है । सापकिराके डर से हमसभ केना केना डेराक रहै छी । बालबच्चा लक केना रहतै' समुन्द्री आक्रोश पोख्छिन् 'कहैत कहैत थाइक गेली । कोनो दिन पितल हरतै त ईँटा छोराका फेक देबै ।'

समुन्द्री जस्तै पानी र आवासको समस्या छिमेक रामअशिष मल्लिक डोमको परिवारलाई छ । रामअशिषले पनि खाने पानी सय मिटर जति टाढाको इनारबाट किनेर ल्याउँछन् । अढाई सय रुपैयाँ मासिक तिर्दा दैनिक २।३ भाँडो पानी दिने गरेको छ । तर, त्यो इनार पनि सुक्न थालेका पछि पानी धमिलै खानुपर्छ । गाउँपालिकाले निर्माणाधीण राखेको घर पूर्ण तान दिँदा रामअशिषको परिवारलाई पनि कष्ट भोग्न बाध्य छन ।

'सरकारलाई खानेपानी र घरको बारेमा भन्दाभन्दा थाकिसक्यौं । तर सुन्दै सुन्दैनन् । के भनौ सरकार र नेतालाई' दिक्दार मान्दै रामअशिष भन्छन् । समुन्द्री र रामअशिषसहित तीनजनाको घर गाउँपालिकाले झण्डै तीनवर्षदेखि बनाइरहेको छ । त्यहाँ ९ घर अति विपन्न डोम परिवार छन् । जस मध्ये गाउँपालिकाले समुन्द्रीको उनका जेठा छोरा जितकुमार र छिमेकी रामाशिष डोमकालागि अलग अलग घर बनाउन सुरु गरेको थियो । प्रत्येक घरमा दुईवटा बस्ने कोठा, एउटा भान्छा कोठा र एउटा शौचालय पलास्टर र झ्याल बिन छाडेको छ ।

अति विपन्न सकुम्बासी डोमहरु दिनभर बाँसको सामग्री बनाएर गुजारा चलाउँछन् । समुन्द्री र रामअशिष डोमलाई मात्रहोइन, त्यो वस्तीका धेरै घरपरिवार खानेपानीको समस्याबाट ग्रस्त छन् ।

आर्थिक विपन्नताको कारण आवास, खानेपानी जस्ता समस्याले गिजोलिएको विपन्न दलित बस्ती प्रति अगाडीकै सिंहदरबार बेपरवाह छ । उनीहरुको खानेपानी र आवासको समस्या जनप्रतिनिधिको प्राथमिकतामा परेको छैन ।

खासमा संघीयता यी यस्ता पिछडिएका सीमान्तकृत समुदायलाई उत्थानहोस् भन्ने उद्देश्यले लक्षित गरी आएको हो । तर, कयौंपटकको हारगुहार पश्चात दुई वर्षमा निर्माणधीन डोम परिवारको तीनवाटा घरलाई छानोसम्म हालेको बटेश्वर गाउँपालिका कार्यालय पूर्णता दिन मतलब राखेको देखिँदैन ।

यधपी यही चालु आर्थिक वर्षमा डोम समुदायको निर्माणधीन घरको बाँकी काम पूरा हुने गाउँपालिका अध्यक्ष रामअशिष महतो दावी गर्छन् । यसभन्दा अघिल्लो वर्ष बजेट अभावले घरमा पलास्टर र झ्याल लागाउन सकिएन । यसपटक ६ लाख रुपैयाँ बजेट छुट्याइएको छ' उनी भन्छन् ।

दलितवस्तीको खानेपानीको समस्या प्रति अध्यक्ष महतो गम्भीर देखिँदैन । 'पानीको समस्या उनीहरुलाई मात्रै छैन । यो भेगका धेरै कल इनार र हातेकलहरु सुकिरहेको छ' भन्दै उनी पन्छिए ।

डोम विपन्न समुदायको भोट प्रति विश्वास नगरेकाले उनीहरुको समस्या समाधान गर्ने गरी बजेट छुट्याउन नचाहेको कार्यालयको एक कर्मचारीको तर्क छ । 'जनप्रतिनिधि आफ्ना नेता कार्यकर्ता घरै पिच्छे इनार, बोर्डिंग, हाते कल वितरण गर्छन् । बजेट छुट्याउँछन् । तर गाउँपालिका कार्यालय अगाडीकै दलित वस्तीलाई मतलब गर्दैन । त्यसको मुल कारण नै भोटको राजनीति हो' ती कर्मचारीले भने 'उनीहरुको भोट प्रति जनप्रतिनिधिलाई विश्वास छैन । नत्र घर र खानेपानीको समस्या धेरै पहिले समाधान हुन्थ्यो ।'

# अनलाइन हिंसाको मारमा महिला र बालबालिका



अमृता अनमोल

नेपाल प्रहरीको साइबर ब्युरोको तथ्याङ्क भन्छ, 'पछिल्लो पाँच वर्षमा साइबर हिंसा अर्थात अनलाइन अपराधका घटना छ गुणाले वृद्धि भएको छ ।' हुन पनि प्रहरीमा दैनिक डेढ सयका हाराहारीमा अनलाइन हिंसाका उजुरी पुगेका छन् । आर्थिक वर्ष २०७६/७७ मा प्रहरीको साइबर ब्युरोमा दुई हजार तीन सय एक निवेदन आएका थिए । यो सङ्ख्या बढेर गत आर्थिक वर्ष २०७९/८० मा नौ हजार १३ निवेदन परे । सबैभन्दा धेरै अनलाइन हिंसामा महिला र बालबालिकामाथि भएका उजुरी छन् । महिला बालबालिकाका धेरै उजुरीमा जिस्काउने, प्रेम प्रस्ताव वा यौन प्रस्ताव नमान्दा धम्काउने, नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी अनलाइनमा राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम र तस्बिर प्रयोग गरेर प्रोफाइल पेज खोलेर बेइज्जत गर्ने तथा दुःख दिनेलगायत छन् । सामाजिक सञ्जालको दुरुपयोग गरी हुने चरित्र हत्या, गालीगलौज, डरधम्की जस्ता गतिविधिले महिला तथा बालबालिकाको मानसिकता र जीवनयापनमा ठूलो असर पारेको देखिन्छ ।

अनलाइन उपकरणको दुरुपयोगबाट सर्वसाधारण मात्र होइन, सार्वजनिक छवि भएका, प्रशासक, राजनीतिज्ञ, मानवअधिकार रक्षक, पत्रकार र सामाजिक अभियन्ता महिलासमेत हिंसाको जोखिममा छन् । त्यस्ता महिलाले कुनै विषयमा आफ्नो विचार वा टिप्पणी व्यक्त गरेकै कारण उनीमाथि सामाजिक सञ्जालमार्फत चारित्रिक दोष लगाउने, धम्काउने र नङ्ग्याउने क्रम सुरु हुन्छ । सामाजिक सञ्जालमा अश्लील गालीगलौज मात्र होइन, बलात्कार गर्ने र ज्यान मार्नेसम्मको धम्की आउने उनीहरुको अनुभव छ ।

इन्टरनेटको बढ्दो प्रयोगले मानिसका धेरै क्रियाकलाप अनलाइनमा रुपान्तरण भएका छन् । अनलाइनबाट जतिजति क्रियाकलापहरु बढ्दैछन् त्यति नै त्यसबाट हिंसा बढ्दै गएको छ । सामान्य रुपमा पनि कसैको प्रेम प्रस्ताव स्वीकार नगरे बेइज्जत गर्ने, कुनै शब्द वा भनाइको ट्रोल बनाउने क्रम असाध्यै बढेको छ । अनलाइनका प्लेटफर्महरुको प्रयोग गरेर डरत्रास देखाउने, धाकधम्कीका सन्देश पठाउने, सहमतिबना निजी पहिचान र यौनजन्य सामग्री पठाउनेलगायतका गतिविधिले महिलामाथि अनलाइन हिंसा बढाइरहेको छ । अनलाइन अपराध गर्नु गलत मानसिकताको उपज हो । हिंसामा परेका व्यक्तिको नजरबाट हेर्दा विद्युतीय साक्षरता नहुँदा अर्थात अनलाइन कसरी प्रयोग गर्ने भन्ने नजान्दा पनि भएका देखिन्छन् । कतिपयलाई सामाजिक सञ्जालमा मैले के लेख्दैछु, के च्याट गर्दैछु, यसलाई मैले मेट्दैमा सबै प्रमाण मेटिँदैन भन्ने थाहा हुँदैन । लेखिएका कुराले भोलि कानुनी झमेलामा फस्छु कि भन्ने जानकारी पनि छैन । यसले झन् समस्यामा धकेलेको छ ।

अनलाइन हिंसाका स्वरुप एकै प्रकारका छैनन् । फरकफरक छन् । यसले जो जतिबेला पनि हिंसामा पर्ने देखिन्छ । तर विद्यमान शक्ति संरचना र परम्परागत धारणाका कारण धेरै र सहजै हिंसा महिला र बालबालिकामाथि भएको पाइन्छ । सङ्ख्यात्मक रुपमा पिडा दिने धेरै पुरुष भेटिन्छन् । पितृसत्तात्मक सोचका कारण पुरुष पीडक बनेका हुन् । अपेक्षाकृत व्यवहार नमिलेमा महिलामाथि अनलाइन हिंसा सुरु गरिहाल्ने एकखाले जमात छ । त्यो जमातले फरकफरक तरिकाले महिला तथा बालबालिका हिंसा गरिहेको हुन्छ ।

अनलाइन माध्ययमको दुरुपयोगले मानव बेचबिखनको जोखिम पनि बढाएको छ । सामाजिक सञ्जालबाट साथी बनेर प्रेमको नाटक गर्ने, घुम्न लैजाने, पढाइदिने, मोबाइल तथा लुगा किनीदिने, रोजगारीमा लगाइदिनेजस्ता प्रलोभन देखाएर वयस्कहरुले बालबालिका तथा किशोरीको अवैध ओरासार पसार र बेचबिखन गर्ने पाइएको मानवअधिकार आयोगको प्रतिवेदन २०७९ मा उल्लेख छ । प्रहरीकै तथ्याङ्क हेर्ने हो भने पनि अवैध ओरासारपसार र बेचबिखनमा पर्ने महिला र बालिका धेरै छन् । प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा आर्थिक वर्ष २०७९/८० मा मानव बेचबिखन तथा अवैध ओसार पसारका एक सय ५७ उजुरी आएका थिए । त्यसमा २१० महिला थिए । धेरैले अनलाइन प्लेटफर्मका माध्ययमबाट चिनेको वा योजना बनाएको बताएका थिए ।

डिजिटल अधिकारमा काम गर्ने अन्तरराष्ट्रिय संस्था 'बडी एन्ड डाटा'ले सन् २०२३ मा गरेको अनलाइन हिंसा सम्बन्धित सर्वेक्षण गरेको थियो । त्यसमा ८६ प्रतिशत महिला तथा सीमान्तकृत समुदायले आफूले कुनै न कुनै प्रकारको अनलाइन हिंसा भोगेको बताएका थिए । महिला त्यसमा पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र सिमान्तकृत समुदायमाथि धेरै हिंसा भएको छ । उनीहरुले आफूमाथि भएका हिंसा तत्काल बताउन नसक्दा भयावह रुपमा बाहिर निस्केको बताइएको छ । अनलाइन हिंसा व्यक्त भन्दा अव्यक्त धेरै छन् । प्रहरीमा पुग्ने भन्दा नपुग्ने धेरै छन् । युएन वीमनको प्रतिवेदन अनुसार विश्वमा तीन महिलामध्ये एक जनाले शारीरिक तथा यौनजन्य हिंसा भोगिरहेका छन् । सामाजिक सञ्जालको पहुँचमा रहेका सबैजसो महिला र युवतीले अनलाइन हिंसाको सामना गर्छन् ।

यसले महिलामाथि हुने हिंसाको स्वरुप र ढाँचा अझ बढ्न सक्ने देखिने बताइएको छ ।

हुन पनि सामाजिक सञ्जालमा अनावश्यक भावना र कुण्ठा यति बेसुर पोखेका भेटिन्छन् कि साथीसङ्गतीकै महिला बालबालिका पनि त्यसमा पर्छन् । आफूमा रहेको यौन उन्माद र कुण्ठा उनीहरुमाथि खन्याएका हुन्छन् । यसबाट वयस्क युवती मात्र होइन, किशोरी र पाका महिलासमेत प्रताडित भएका छन् । प्रताडना व्यक्तभन्दा अव्यक्त धेरै छन् । सक्नेले प्रतिकार गरेका छन् । नसक्ने कतिपय सामाजिक सञ्जालबाटै बाहिरिएका छन् । हिंसाका कारण मानसिक समस्या बढ्ने र आत्महत्या समेत बढेका छन् । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदनमा नेपालमा १५ देखि ४९ वर्ष उमेर समूहका २३ प्रतिशत महिलाले १५ वर्षकै उमेरदेखि शारिरीक हिंसा भोगेको बताएको उल्लेख छ भने छ प्रतिशत महिलाले गर्भावस्थामा हिंसा महसुस गरेका छन् । अनलाइन दुरुपयोग बढिरहे यो सङ्ख्या अझ बढ्ने देखिन्छ ।

कहिल्यै नदेखे नजानेको व्यक्तिले पनि सामाजिक सञ्जालमार्फत साथी बनौं भन्ने र साथी बनीहाल्ने परिपाटीले पनि अनलाइन हिंसा निम्त्याएको छ । यस्तो हिंसा विद्युतीय साक्षरता नभएका महिला, बालबालिका, किशोरी त्यसमा पनि अपांगता भएका, सिमान्तकृत र यौनिक अल्पसङ्ख्यक धेरै पर्छन् । धेरैको अनुभवमा अनलाइन माध्ययमबाट साथी बनेपछि बोलचाल सुरु हुन्छ । व्यक्तिगत कुरा गर्छन् । मलाई तिमी मन पऱ्यो । तिम्रो फोटो मन पऱ्यो । तिम्रो शरीर मन पऱ्यो । बोली मन पऱ्यो भनेर हिंसाको सिलसिला सुरु हुन्छ । कालु, काली, सानी, कान्छी जस्ता शब्दको प्रयोग अनि प्रेम प्रस्ताव राखिन्छ । ती महिला एवं बालबालिकाले प्रेषकको झुटो प्रस्ताव विश्वास गर्छन् । अनि मायाको साँच्चै अनुभूति गरेर उनीहरुको प्रस्ताव अनुसारका क्रियाकलाप गर्छन् । यसले मानसिक हिंसादेखि यौन हिंसा हुँदै बेचबिखन तथा ओसारपसारको शिकार बनाएको छ ।

नेपालमा इन्टरनेट र प्रविधि बढ्दै गएको छ । सर्वसाधारण समेत इन्टरनेटको पहुँमा छन् तर तिनलाई प्रयोग गर्ने र सुरक्षित हुने कसरी विद्युतीय साक्षरता छैन । यसले महिला, बालबालिका र किशोरीहरु त्यसमा पनि सिमान्तकृत समुदायका व्यक्ति हिंसाको जोखिममा परिरहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ७३ प्रतिशत परिवारमा स्मार्टफोन पुगेको छ । कुल जनसङ्ख्याको ३७.८ प्रतिशतले इन्टरनेट चलाउँछन् । ल्याबटप वा कम्प्युटर प्रयोग गर्नेको सङ्ख्या १५ प्रतिशत छ । जतिजति विद्युतीय अनलाइन उपकरणको पहुँच पुगेको छ, त्यसअनुसार अनलाइन सुरक्षाका बारेमा सिकाइएको छैन । कसरी अनलाइन प्लेटफर्महरुमा संलग्न हुने, कसरी सुरक्षित रुपमा चलाउने भन्नेबारेमा बहस भएको छैन । यसले महिला, बालिका, किशोरी, अपाङ्गता भएका तथा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक समुदायलाई अनलाइन हिंसाको शिकार बनाएको हो । सामाजिक सञ्जाललाई असामाजिक बनाएको हो ।




कति बेला लाग्न सक्छ यसले सामाजिक होइन असामाजिक गतिविधि बढाएको छ । प्रयोग नै नगरौं तर अनलाइन प्रविधिको प्रयोगबिना अबको जीवन सम्भव छैन । विद्यार्थीदेखि व्यवसायी, जागिरे, राजनीतक व्यक्ति सबैका लागि अनलाइन माध्यम अत्यावश्यक भएको छ । यसर्थ, अनलाइनका चुनौतीबाट बच्न आफूलाई प्रविधि र साक्षरमैत्री बनाउनुपर्छ । व्यक्ति व्यक्तिमा चेतना नपुगदासम्म सामाजिक सञ्जालका माध्ययमबाट हुने अनलाइन हिंसा र दुर्व्यवहार अझ बढ्नेछ । यसर्थ राज्यस्तरबाटै सामाजिक सञ्जालको दुरुपयोग गरी हुने हिंसा रोक्न सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्छ । अनलाइनमार्फत हुने चरित्र हत्या, गालीगलौजजस्ता गतिविधिले व्यक्तिको मानसिकतामा ठूलो असर पारेको देखिन्छ । बालबालिकाका लागि साइबर सुरक्षाबारे पाठ्यक्रममै समावेश गरेर विद्यालय तहबाटै सिकाउनुपर्छ ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ ले अनलाइनमार्फत अरुलाई मानसिक यातना दिने वा जिस्काउने व्यवहारलाई गलत मानेको छ । कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुबाट महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमयार्दित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । ऐन अन्तर्गत बनेको नियमको उल्लंघन भएमा उल्लङ्घनकर्तालाई पचास हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने उल्लेख छ । कसूरबाट पीडित व्यक्तिलाई हुन गएको हानीनोक्सानी कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिने समेत व्यवस्था छ । यसर्थ सामाजिक सञ्जाललाई असामाजिक रुपमा प्रयोग गर्ने र अनलाइन हिंसा गर्नेको बेवास्था गर्नु हुँदैन । समस्या समस्या नै हो हिंसा हिंसा नै हो । भयावह नहुँदै समाधानका उपाय खोज्नुपर्छ । सामाजिक सञ्जाललाई असामाजिक बनाउने, साथी, सहकर्मी र सम्बन्धमा यौन वासना खोज्नेलाई रोक्नुपर्छ ।

# सुशासन तथा सेवा प्रवाह प्रभावकारी भएमात्र लोकतन्त्रको लक्ष्य पूरा हुन्छ : राष्ट्रपति

धुलिखेल। राष्ट्रपति रामचन्द्र पौडेलले जनचाहनाअनुरुप सुशासन, सेवा र सुविधा सरल, सहज एवं प्रभावकारी तवरले दिन सकिएमा मात्र संविधान र लोकतन्त्रले परिकल्पना गरेको लक्ष्य पूरा हुने बताउनुभएको छ।

मण्डनदेउपुर नगरपालिकाको सातौँ स्थापना दिवस तथा नवनिर्मित प्रशासकीय भवनको आइतबार उद्घाटन गर्दै उहाँले संविधानको भावना तथा सङ्घीयताको मर्मअनुरुप हुनेगरी राज्यबाट प्रवाह हुने सेवा तथा विकास निर्माणसम्बन्धी कामलाई नतिजामुखी र नागरिकले अनुभूत गर्न सक्नेगरी सम्पादन गर्न र सुशासन प्रत्याभूत गर्न स्थानीय निकाय दत्तचित्त हुनुपर्नेमा जोड दिनुभयो। उहाँले विकास, पूर्वाधार, कृषि, शिक्षा, सडक, खानेपानी, बिजुलीसहित जनताका आधारभूत आवश्यकता पूरा गर्नुपर्ने बताउनुभयो।



"कृषि, पर्यटन र ऊर्जा नै हाम्रो मुलुकको विकासको आधार हो, त्यसका लागि श्रमको सम्मान गर्ने संस्कृतिको विकास आवश्यक छ", राष्ट्रपति पौडेलले भन्नुभयो, "स्थानीयस्तरमा गुणस्तरीय, प्रविधिमा आधारित प्रतिस्पर्धी र प्राविधिक शिक्षा दिएर उत्पादन र रोजगारी बढाउने काम गर्न सकिएमात्र राजनीतिक परिवर्तनपछि मुलुकले अपेक्षा गरेको आर्थिक क्रान्तिको सपना साकार हुन्छ, हाम्रो संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रले अपेक्षा गरेको गरिब, सिमान्तकृत, पिछडिएको वर्गको आर्थिक उन्नतिको अवसरको ढोका खुल्दछ।" उहाँले त्यसतर्फ तीनै तहको सरकारको समन्वयकारी भूमिका अपेक्षित भए पनि स्थानीय सरकारको विशेष भूमिका र जिम्मेवारी हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा स्वीजरल्याण्डको जस्तो 'स्वशासन' र गान्धीले कल्पना गरेजस्तो 'स्वराज' को सोच अगाडि राखेर नयाँ राज्य संरचना तर्जुमा गरेका हौँ भन्नुभयो। "आइतबार ती सोचहरूले कति साकार रूप लिन गइरहेका छन् र लिनसक्ने हुन् भन्ने कुरा अधिकार प्रत्यायोजनका क्रममा केन्द्रीय सरकारको उदारता एवं लचकता र स्थानीय सरकारको ग्रहणशीलता तथा क्षमतामा बढी निर्भर रहन्छ भनेर म सबैलाई सुझाउन चाहन्छु", उहाँले भन्नुभयो।

राज्यको पुनःसंरचनाका क्रममा स्थानीय तहको गठन भई सङ्घीयता कार्यान्वयन भएको यो अवधिसम्म पनि देशका कतिपय स्थानीय तहमा भौतिक पूर्वाधार तयार हुन नसकेका बेला यस नगरपालिकाले आवश्यक जग्गाको व्यवस्थापन गरी जनतालाई दिने सेवासुविधालाई सहज एवं प्रभावकारी बनाउन आवश्यक सुविधा सम्पन्न प्रशासकीय भवन बनाएकामा उहाँले नगरपालिकाको सराहना गर्नुभयो।

"उर्वर कृषिभूमि, हरिया फाँट र मनोरम हिमाली सुन्दर दृश्य देखिने यो नगरपालिकाले कृषि र पर्यटन क्षेत्रबाट मनग्य लाभ लिनसक्ने सम्भावना छ, यस नगरपालिका 'देउपुर र मण्डन, कृषि र पर्यटन' को अवधारणा लिएर दीर्घकालीन लक्ष्यसहित अघि बढेकामा मलाई खुसी लागेको छ, यसैबाट नगर र नगरवासीको आर्थिक विकासको ढोका खोल्नेछ भन्ने मैले विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो।

मुलुक सङ्घीयतामा रुपान्तरण भएपछि केन्द्रमा रहेका राजनीतिक, आर्थिक तथा न्यायिक अधिकार जनताको घरदैलो नजिक स्थानीय तहसम्म पुर्‍याइएका सन्दर्भमा बृहत्तर सेवा प्रवाह गर्न भौतिक पूर्वाधारको विकास अपरिहार्य रहेको उहाँको भनाइ थियो। यस नगरपालिकाले शैक्षिक गुणस्तर सुधार कार्यक्रम, स्मार्ट कक्षा सञ्चालन, सबै विद्यालयमा आफ्नै इन्टरनेट सेवा पुर्‍याइ शिक्षा क्षेत्रमा गरेको प्रगति प्रशंसनीय रहेको उहाँले बताउनुभयो।

मिलेकोभूगोल,लेकबेंसीसम्मको हावापानी, राजधानीबाट नजिक, छिमेकी देश चीनसँगको तातोपानी नाकाबाट नजिकको दूरीमा रहेकाले औद्योगिक उत्पादन, कृषि र पर्यटन प्रवर्द्धनमार्फत आर्थिक समृद्धिको यात्रा तय गर्नसक्ने प्रचुर अवसरलाई यस नगरपालिकाले उपयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। भवन उद्घाटनपछि राष्ट्रपति पौडेलले नवनिर्मित भवनको अवलोकन गर्नुभएको छ। रासस

# बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल

काठमाण्डु। राष्ट्रियसभाको आइतबारको बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल भएको छ। बैठकमा सांसदहरुले बजेटका सिद्धान्त र प्राथमिकता निर्धारण गर्दा मुलुकको विद्यमान अवस्थाको विश्लेषण, राष्ट्रिय आवश्यकता तथा आकांक्षाको पहिचान, वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग सिद्धान्त र प्राथमिकताको तादम्यतालगायतका विषय उठाउनुभएको छ।



सांसद सुरेशकुमार आलेमगरले निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतले संसदमा प्रस्तुत गर्नुभएको बजेटको सिद्धान्त र प्राथमिकता बदलिन्छ कि बदलिँदैन भनेर स्पष्ट नभएको बताउनुभयो। ऊर्जा, कृषि र पर्यटन क्षेत्रलाई केन्द्रमा राखेर बजेटको सिद्धान्त र प्राथमिकतामा बनाइनुपर्ने उहाँको भनाइ छ।

सांसद जगतबहादुर पार्कीले आगामी आर्थिक वर्षको बजेट बनाउँदा मुलुकको आर्थिक, भौगोलिक, जनसाङ्ख्यिकीय, शिक्षा स्वास्थ्य, रोजगारलगायतका अवस्थाको गम्भीर विश्लेषण गरेर तयार पारिनुपर्ने धारण राख्नुभयो। विश्वव्यापी रुपमा सूचना प्रविधिका क्षेत्रमा भएको विकासलाई पनि आत्मसाथ गर्न सक्नेगरी बजेटका सिद्धान्त र प्राथमिकता तय गरिनुपर्ने उहाँको भनाइ छ।

त्यस्तै, अहिलेको आवश्यकता विश्लेषण नगरीकनै बजेटका सिद्धान्त तथा प्राथमिकता ल्याइएको पनि उहाँले आरोप लगाउनुभयो। "हाम्रो प्राथमिकता के हो भन्ने छुट्याउन सकेको छैन। संविधानले हरेक नागरिकलाई रोजगारको हकको सुनिश्चितता गरेको छ। तर युवा जनशक्ति विदेसिइरहेको छ। युवालाई स्वदेशभित्रै रोजगार कसरी दिने भनेर यो बजेटको सिद्धान्त र प्राथमिकताले समेटेको छैन", उहाँले भन्नुभयो।

सांसद युवराज शर्माले आयवृद्धि र अनावश्यक खर्च कटौती गर्ने विषयमा गम्भीर भएर सोच्नुपर्ने बताउनुभयो। न्यून राजस्व सङ्कलन, पुँजीगत खर्चमा न्यूनता, लगानीमा कमी र बढ्दो सार्वजनिक ऋण, घट्दो बजार मागलगायतका समस्या देखिएको उहाँको भनाइ छ। विनियोजनको सिद्धान्त र प्राथमिकता सकारात्मक रहेको र यसैका आधारमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट आउनेमा आफू आशावादी रहेको बताउनुभयो।

सांसद भगवती न्यौपानेले अघिल्लो सरकारले ल्याएको बजेटका सिद्धान्त र प्राथमिकतालाई नयाँ सरकारले परिमार्जन र संशोधन गर्नुपर्ने बताउनुभयो। "यसभन्दा अगाडिको सरकारको अर्थमन्त्री डा प्रकाशशरण महत हुनुहुन्थ्यो। उहाँले संसदमा पेश गर्नुभएको आर्थिक वर्ष २०८१/८२ को बजेटको सिद्धान्त र प्राथमिकतामा धेरै कुरा परिमार्जन र समावेश गर्नुपर्नेछ। यो किताबमा जति कुरा उल्लेख गरिएको छ, त्यसमा धेरै परिमार्जन आवश्यक छ। यो सिद्धान्त र प्राथमिकताका आधारमा बजेट बनाउँदा आइतबारको आवश्यकता सम्बोधन हुन सक्दैनन्", उहाँले भन्नुभयो।

बजेटको सिद्धान्त र प्राथमिकतामा रासायनिक मल कारखाना खोल्ने विषयलाई राखिएकोमा मुलुकले रासायनिक मलको सट्टा प्राङ्गारिक मल प्रयोगलाई प्राथमिकतामा राख्ने नीति लिइनुपर्ने उहाँको भनाइ छ।

सांसद डा बेदुराम भुसालले अध्यादेशमार्फत् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेर बजेट तालिका संशोधन भई कार्यान्वयन आएकोमा त्यसको मर्मअनुसार काम गर्न सक्नुपर्ने बताउनुभयो। ऐन संशोधनपछि बजेटको सिद्धान्त र प्राथमिकता फागुनमै ल्याइएको र त्यसमाथि पर्याप्त छलफल हुने अपेक्षा गरिएकोमा त्यसो हुन नसकेकोउहाँलेस्वीकार्नुभयो।त्यस्तै, बजेटको सिद्धान्त र प्राथमिकताले मुलुकको विद्यमान आर्थिक सङ्कट समाधान गर्न सक्छ वा सक्दैन भनेर हेरिनुपर्ने बताउनुभयो।

"अर्थतन्त्रमा अझै चुनौती छन् भन्ने स्वीकार गरेर बजेटको सिद्धान्त र प्राथमिकता आएको छ। तर यो सङ्कटको समाधान गर्ने गरी अबको बजेट आउँछ कि आउँदैन भन्ने प्रश्न छ", उहाँले भन्नुभयो, "यो सिद्धान्त र प्राथमिकताका आधारमा बन्ने बजेटले हाम्रो अर्थतन्त्रको सङ्कट समाधान गर्ने, आन्तरिक उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने हाम्रो आवश्यकता पूरा गर्न सक्छ वा सक्दैन ? यसमा स्पष्टता आवश्यक छ।" बजेटमा कृषिलाई पहिलो प्राथमिकता राख्नु उपयुक्त हुने र कृषि क्षेत्रको मुख्य समस्या सिंचाई रहेकाले यो समस्या समाधान गर्नेगरी आगामी आर्थिक वर्षको बजेट आउनुपर्ने भुसालको भनाइ छ। संसदमा उठेका विषय र सुझावलाई समेटेर बजेट बनाउने प्रणालीको थालनी अबको सरकारले गर्नेमा आफू आशावादी रहेको बताउनुभयो।

विद्यमान संविधानको मर्म र भावनाअनुसार बजेट बन्नुपर्ने धारणा सांसद मोहम्मद खालिद राख्नुभयो। बजेटको सिद्धान्त र प्राथमिकतामा समतामूलक समाज निर्माणका लागि स्रोत, साधन र अवसरको समान वितरणको प्रत्याभूति गरिने विषय उल्लेख हुनु सकारात्मक रहेको उहाँले बताउनुभयो। जलवायु परिवर्तन र वातावरणसम्बन्धी विषयलाई पनि बजेटको सिद्धान्त र प्राथमिकतामा महत्वका साथ राखिएको उहाँको भनाइ छ। आगामी आर्थिक वर्ष सन्तुलित र न्यायोचित बजेट आउने अपेक्षा रहेको उहाँले बताउनुभयो।

सांसद नारायणदत्त मिश्रले आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता निकै राम्रो भएपनि अहिलेको सरकारले त्यसलाई निरन्तरता दिन्छ वा दिँदैन भन्ने अस्पष्ट रहेको बताउनुभयो। "बजेटको सिद्धान्त र प्राथमिकता ल्याउने अर्थमन्त्री गइसक्नुभयो। अहिलेको अर्थमन्त्रीले त्यहिकुरा सुन्नुहुन्छ कि सुन्नुहुन्न भन्ने यकिन छैन", उहाँले भन्नुभयो।

सङ्घ, प्रदेश र स्थानीय खर्चको पारदर्शिता सुनिश्चितता गर्ने, चालुगत खर्चमा मितव्ययिता कायम गर्ने, अनुदानमा दोहोरोपना हटाउने, वैदेशिक अनुदान र प्राथमिकताप्राप्त ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगाउने, सहकारी तथा लघुवित्तका समस्या समाधान गर्नेलगायतका विषय सिद्धान्त प्राथमिकतामा राखिनु सकारात्मक रहेको उहाँको भनाइ छ। भन्सार कर प्रशासन सुधारका लागि सरकारले पहल गर्नुपर्ने बताउनुभयो।

सांसद तुलसाकुमारी दाहालले बजेटको सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम र वार्षिक बजेटबीच तादम्यता हुनसक्नुपर्ने बताउनुभयो। बजेटका सिद्धान्त र प्राथमिकताअनुसार नै नीति तथा कार्यक्रम र बजेट आउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सांसद राजेन्द्रलक्ष्मी गैरेले पनि सिद्धान्त र प्राथमिकताअनुरुप नै बजेट आउनुपर्ने बताउनुभयो। जलविद्युत्लाई मुलुकको अर्थतन्त्रको मुख्य मेरुदण्ड बनाउने भनिएकोमा त्यो सरकारात्मक रहेको र आगामी आर्थिक वर्षको बजेटमा महत्वका साथ अघि बढाउनुपर्ने बताउनुभयो।

राष्ट्रिय सभाको अर्को बैठक विसं २०८० फागुन २९ गते बिहान ११:०९ मा बस्नेछ। रासस

# सकारात्मक सोचकासाथ एकजुट भएर लागौँ, देश बन्छः सांसद निर्मला कोइराला

काठमाण्डु। चुनावमा कुनै दल विशेषको स्पष्ट बहुमत नआउँदा राजनीति र सरकारले स्थायित्व पाउन सक्दैन भन्ने देखिइसक्यो। सबैलाई थाहा भएकै विषय हो, एउटा दलको बहुमत नभएपछि सरकार फेरिइरहने घटना भइरहन्छन्। यसलाई सहजरूपले हेर्नुपर्छ। वर्तमान सरकार सुरुमा नेकपा (एमाले)लगायतकोसहयोगमा बन्यो त्यसपछि फेरि कांग्रेसको समर्थन भयो। अहिले फेरि एमालेको समर्थन प्राप्त छ।



पहिलोपटक सदनमा प्रवेश गरेकाले सोचेको भन्दा भिन्न महसुस भइरहेको छ। विधायकको मुख्य जिम्मेवारी र भूमिका कानुन निर्माण भए पनि जनताका आवश्यकता सम्बोधन तथा देशको समृद्धिका विषयमा पनि सोच्ने र ध्यान पुर्‍याउनपर्ने दायित्व हामीमा छ। मेरो बुझाइमा राज्य र जनताका लागि केही गर्छु भन्नेहरुका लागि संसद् महत्त्वपूर्ण ठाउँ रहेछ। त्यसैले यति महत्त्वपूर्ण ठाउँलाई जनताको पक्षमा भरपुर सदुपयोग गर्नुपर्छ भन्नेमा म दृढ छु। तर संविधानप्रदत्त सेवासुविधा जनतालाई सहज र सुलभरूपमा उपलब्ध गराउनुपर्नेमा त्यसमा कमीकमजोरी भयो भन्ने लाग्छ। कानुन निर्माणलाई हामीले तीव्रता दिन सक्नुपर्छ। सुरुआती दिनमा राजनीतिक तालमेल, सरकार र समिति गठनमै धेरै समय खर्चनु परेकाले कानुन निर्माणमा आशातित प्रगति हुन सकेन।

विधायकहरू पार्टीका काम विशेषबाहेक सदन र संसदीय समितिका बैठकमा निरन्तर उपस्थित हुनुपर्छ। तर सांसदको पनि भूगोल, जिल्ला, निर्वाचन क्षेत्र हुने भएकाले कहिलेकाहीँ जिल्ला जानुपर्ने बाध्यताले बैठकमा उपस्थित हुन नसकेको अवस्थालाई अन्य ढङ्गबाट बुझिदिन हुन्न। सबै 'माननीय'लाई एउटै आँखाबाट हेर्न हुन्न। तथापि जनताले विकास निर्माणका विषयमा सङ्घीय सांसदसँग निकै ठूलो आशा र अपेक्षा राखेका हुन्छन्।

देशको परिस्थिति र समाजको स्थितिका आधारमा सांसदहरु विकास निर्माणमा सहभागी हुने वा नहुने भन्ने निर्धारण गर्छ। चुनावका बेला भोट माग्न जाँदा जनतासँग कबुल गरेका विषय सम्बोधन गर्नैपर्छ। जिल्ला जाँदा मतदाताले धारा छैन, कुलो भत्केको छ, विद्यालय भवन चर्केको छ, खानेपानी समस्या भो भन्नुहुन्छ। जनताका ती अपेक्षाको सम्बोधनका लागि जनप्रतिनिधिले हरसम्भव प्रयास गरिदिनुपर्छ। राजनीतिक दलहरूले पनि सांसदले विकास निर्माणका काम गर्ने होइन, कानुन निर्माणमा केन्द्रित हुनुपर्छ भनेर जनतालाई बुझाउन सकेका छैनन्।

मैले प्रतिनिधित्व गर्ने पर्साका जनताको मुख्य माग सडक कालोपत्र, नाला व्यवस्थापन, खानेपानी आपूर्ति, विद्यालय भवन पुनःनिर्माण इत्यादि छन्। यी देशैभरको प्राथमिकतामा पर्ने विषय हुन्।

हामीले जनतालाई सांसद भनेको विकास ल्याउने हो भनेर सिकाइदिएका छौँ, त्यो बुझाइ भएपछि जनताले माग तेर्स्याउनु अस्वाभाविक होइन।

जनता कानुनभन्दा विकासका योजनाकै कुरा बढी गर्नुहुन्छ।

सदनमा महिला भएकै कारण बोल्ने र विषयवस्तु राख्ने सवालमा नेकपा एमालेले अवसरबाट बञ्चित गराएको छैन। बरु धारणा राख्न प्रोत्साहन नै गरेको अनुभूति मलाई भएको छ। मुलुकमा राजनीतिक परिवर्तनका बखत होस् वा सरकार फेरबदलका क्रममा भ्रष्टाचार अन्त्य र सुशासन प्रवर्द्धनको विषयलाई राजनीतिक दलले मुल एजेण्डा बनाएका छन्। हामी पनि यो विषयमा अलमलमा परेका छौँ। किन यस्तो भयो, कसरी भयो भन्ने लाग्छ।

प्रमुख कारण भनेको स्थायी सरकार नभएर नै हुनुपर्छ। कर्मचारीदेखि राजनीतिक नेतृत्वसम्म भ्रष्टाचार फैलिएको छ भन्ने जनताको बुझाइ छ। सबै विषय जनताले भनेजस्तो नभए पनि कतिपय अवस्थामा यो प्रमाणित भएको छ। भ्रष्टाचार अन्त्यका लागि सबै राजनीतिक दल र सरकार एक ठाउँमा हुनुपर्छ। प्रतिबद्धता गर्नुपर्छ। प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन हुनुपर्छ।

त्यो भएमा भ्रष्टाचार न्यूनीकरण हुन्छ भन्नेमा आशा गर्न सकिन्छ।

भ्रष्टाचार बढाउन हाल अभ्यासमा रहेको निर्वाचन प्रणाली पनि केही हदसम्म दोषी छ। निर्वाचनमा यति पैसा खर्च गर्नुपर्छ भनी कहीँकतै लेखिएको छैन। हामी राजनीतिक दल र उम्मेदवारबाटै चुनावलाई धुमिल्याउने र धेरै खर्च गर्ने काम गरिरहेका छौँ। यसमा सुधार गरिनुपर्छ। हामीले राजनीतिक परिवर्तन गरे पनि समाज परिवर्तन गर्न सकेका छैनौँ। समाजलाई आर्थिकरूपले सम्पन्न गर्न सकिएको छैन। राजनीतिक दल र नेतृत्वप्रति जनताले ठूलो अपेक्षा राखेका थिए। परिवर्तनको उपलब्धिको महसुस जनतालाई दिन सकिएन।

नेपाली समाजमा पनि आशाभन्दा निराशाको लहर ठूलो छ। नेतृत्वबाट पनि निराशाकै कुरा बढी सुनिन्छ। जनतालाई हाम्रो देश हामी आफैँ बनाउनुपर्छ, बनाउन सकिन्छ भन्ने आशा र ढाडस दिलाउने सन्देश दिनुपर्छ। राजनीतिक परिवर्तन भइसकेकाले अब हाम्रो मिसन समाज परिवर्तनका लागि हुनुपर्छ। समाजमा भएका अन्याय, विभेद, धनी र गरिबबीचको खाडल अन्त्यमा केन्द्रित हुनुपर्छ। त्यसका लागि केही समय लाग्न सक्छ, प्रयास जारी राख्नुपर्छ। प्राकृतिक हिसाबले हामी निकै धनी देश हौँ। निराशा छर्ने होइन, आशाको सन्देश प्रवाह गरेर देश बनाउनुपर्छ। त्यसका लागि दल, नेता र जनता एकाकार हुनुपर्छ। हरेक क्षेत्रमा देखिएका निराशा अन्त्य गर्नुपर्छ। मिडियाको प्रयोग पनि सकारात्मक कामका लागि हुनुपर्छ। युवा विद्यार्थीलाई आशा जगाएर विदेश पलायनबाट रोक्नपर्छ। म ढुक्क भएर भन्छु हाम्रो देश बन्छ। हामी बनाउँछौँ। अरुले बनाइदिने होइन, आफैँले बनाउनुपर्छ। प्राकृतिकरूपले बनिबनाउ नेपालाई समृद्धि प्रदान गर्न हामीले केही मेहनत गर्नुपर्छ। हामी आ-आफ्नो ठाउँबाट लागौँ। ढुक्क हुनुस् देश बन्छ।

### सांसद कोइरालाको परिचय

अखिल नेपाल महिला सङ्घ सिन्धुली जिल्ला सदस्यबाट राजनीतिमा प्रवेश गर्नुभएकी सांसद कोइराला पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका-१५ को स्थायी बासिन्दा हुनुहुन्छ।

नेकपा एमाले वीरगञ्ज-१५ वडा कमिटी सचिव, नगर कमिटी, जिल्ला कमिटी, राष्ट्रिय परिषद्, आमन्त्रित केन्द्रीय समिति सदस्यको जिम्मेवारी सम्हाल्नुभएकी नेत्री कोइराला करिब साढे तीन दशकदेखि नेकपा(एमाले)को सक्रिय राजनीतिमा सहभागी हुनुहुन्छ। मुलुकमा राजनीतिक परिवर्तन र लोकतन्त्र स्थापनाका लागि भएको आन्दोलनमा उहाँ केही समय थुनामा समेत रहनुभयो। रासस

# बदलिएको परिस्थितिअनुसार कार्यसम्पादन गर्न कर्मचारीलाई प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बदलिएको परिस्थितिअनुसार तयार हुने 'न्यूनतम साझा कार्यक्रम' अनुसार काम गर्न निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अर्धवार्षिक समीक्षा बैठकमा प्रधानमन्त्रीले सरकारको न्यूनतम नीति तथा कार्यक्रमअनुसार थप गतिशील भएर काम गर्न निर्देशन दिनुभयो। "बदलिएको परिस्थितिमा आउने नीति तथा कार्यक्रम हाम्रो कार्यालय, यस मातहतका सबै कार्यालय र सिङ्गो कर्मचारीतन्त्रलाई 'गाइड लाइन' हुनेछ," प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "विगतको कार्यक्रमकै वरिपरि हुनेगरी चाँडै कार्यक्रम आउनेछ। सोहीअनुसार काम गर्नुपर्नेछ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायको लक्ष्यअनुसारको कार्यसम्पादन प्रगतिसम्बन्धमा मासिकरूपमा छलफल गर्ने, समस्या पहिचान गर्ने र सुधार गर्नेतर्फ विशेष ध्यान दिन जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले राष्ट्रिय गौरवका आयोजना नियमित गर्नका लागि नियमित कार्यतालिका बनाएर अगाडि बढ्ने व्यवस्था गर्न निर्देशन दिनुभयो।

समग्र कर्मचारीतन्त्रका लागि प्रधानमन्त्री कार्यालय उदाहरणका रुपमा प्रस्तुत हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले विद्यमान प्रगति सन्तोषजनक मान्न नसकिने बताउनुभयो। "तोकिएको लक्ष्य, तोकिएकै समयमा पूरा गर्न जरुरी छ। त्यसका लागि यस कार्यालयले नेतृत्वदायी भूमिका खेल्नुपर्छ। त्यसका लागि अझ बढी सजग हुन जरुरी छ," प्रधानमन्त्रीले भन्नुभयो, "यो कार्यालय अनुगमन गर्ने कार्यालय भएकाले सम्बन्धित क्षेत्र हेर्ने सचिव र महाशाखाहरू थप क्रियाशील हुन जरुरी छ।"



आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तयारीको चरणमा प्रवेश भएको उल्लेख गर्दै प्रधानमन्त्रीले चालू आर्थिक वर्षको कार्यसम्पादनको स्थिति विश्लेषण गरी आगामी वर्षको तयारीमा लाग्न निर्देशन दिनुभयो।

उहाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतका कार्यालयले आफ्नो कार्यसम्पादनमा गति दिन र आर्थिक वर्षको अन्त्यमा कम्तीमा ८० प्रतिशतसम्म प्रगति हुनेगरी काम गर्न निर्देशन गर्नुभयो। रासस

# उपप्रधानमन्त्री श्रेष्ठसँग अमेरिकन राजदूत थम्प्सनको भेटवार्ता

काठमाण्डु। नवनियुक्त उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत डिन थम्प्सनले भेटवार्ता गर्नुभएको छ।

मन्त्रालयमा आइतबार भएको भेटवार्तामा उहाँहरुबीच द्विपक्षीय आपसी हितका विविध विषयमा कुराकानी भएको मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले जानकारी दिनुभयो। भेटमा



अमेरिकी सहयोगमा नेपालमा सञ्चालित विकास परियोजना समयमै सम्पन्न गर्नेलगायत विषयमा छलफल भएको थियो।

सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले नेपालमा लगानीमैत्री वातावरण भएको उल्लेख गर्दै आगामी वैशाखमा हुन लागेको लगानी सम्मेलनमा अमेरिकी लगानी भित्र्याउनका लागि आग्रह गर्नुभयो।

साथै राजदूत थम्प्सनले उपप्रधानमन्त्री श्रेष्ठलाई बधाई तथा शुभकामना दिनुभएको थियो। रासस



रिपब्लिकन राष्ट्रपति पदका उम्मेद्वार र पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकहरूले प्रचार र्‍यालीमा नारावाजी गर्दै । तस्विर : एएफपी

# त्रिकोणात्मक टी-२० सिरिजमा नेपाल र हङकङले बाँडे अंक

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिकोणात्मक टी-२० सिरिजको पहिलो खेल वर्षाका कारण रद्द भएको छ। हङकङको हङकङको टिन कोङ रिक्रियशन मैदानमा आठौं ओभरको खेल सकिँदा पर्न थालेको पानी नरोकिएपछि रेफ्रिले खेल रद्द गरेका हुन्।



टस जितेर पहिले बलिङ गरेको नेपालले आठौं ओभरसम्म पुग्दा २ विकेट लिएको थियो। आइतवार करण केसीले पहिलो बलमै विकेट लिए। त्यसपछि आठौं ओभरको दोस्रो बलमा गुल्सन झाले हङकङका कप्तान निजाकत खानलाई बोल्ड गरेका थिए।

हङकङले २ विकेटको क्षतिमा ६५ रन बनाएको थियो। गुल्सनबाट आउट हुनुअघि कप्तान खानले २५ रन बनाएका थिए भने ओपनर अन्शी रथले २४ बलमा ४ चौका र १ छक्का प्रहार गर्दै ३६ रन बनाएका थिए।

दुई विकेटपछि बाबर हायत ब्याटिङमा आएका थिए। उनले तीन बल खेलेपछि पर्न थालेको पानी धेरै बेर सम्म नरोकिएपछि खेल रद्द भएको हो।

त्यसअघि पाचौं ओभरको खेल चलिरहँदा पनि वर्षाका कारण खेल केहीबेर रोकिएको थियो। खेल रद्द भएसँगै नेपाल र हङकङले एक-एक अंक बाँढेका छन्। नेपालले मंगलबार पपुवा न्युगिनीसँग खेल्नेछ।

# चीनले प्रमुख राजनीतिक बैठकमा भीपीएनको प्रयोग नियन्त्रणबारे बहस

**एएफपी**

बेइजिङ । चीनले यसै साता एक शीर्ष राजनीतिक बैठकमा इन्टरनेट प्रयोगकर्ताहरूलाई प्रतिबन्धित वेबसाइटहरूमा पहुँच प्रदान गर्ने सफ्टवेयरलाई नियन्त्रण (ब्लक) गर्ने प्रयासलाई तीव्रता दिएको सफ्टवेयरको अग्रणी प्रदायक फायरवाल-लिपिङले एएफपीसँग बताएको छ ।



इन्टरनेटमा विश्वका अन्य मुलुकको तुलनामा बेइजिङले बढी नै नियन्त्रण (सेन्सरशिप) गर्ने गर्छ । चीनको मुख्यभूमि वेब प्रयोगकर्ताहरूले 'भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन)' प्रयोग नगरी गुगलदेखि समाचार वेबसाइटहरूमा सबै प्रकारका पहुँच प्राप्त गर्न असमर्थ छन् ।

भीपीएन प्रयोग र इन्टरनेट नियन्त्रण बिषयले यस हप्ता वार्षिकरूपमा आयोजना हुने 'दुई सम्मेलन' मा हजारौं राजनीतिक प्रतिनिधिहरूको ध्यान केन्द्रित भएको हो । बेइजिङमा भएका ती सम्मेलनका समय भीपीएन सफ्टवेयरले नियन्त्रणका लागि सङ्घर्ष गरिरहे पनि नियन्त्रण प्रयासले सार्थकता पाउन नसकेको देखिन्छ ।

"अहिले चीनमा राजनीतिक भेटघाटका कारण सेन्सरसिप बढेको छ", लिस्टेनस्टाइनबाट सञ्चालित भीपीएन सेवा एस्ट्रिलका एक प्रतिनिधिले एएफपीसँग भन्नुभयो, दुर्भाग्यवश, सबै भीपीएन प्रोटोकलहरू यस समयमा काम गरिरहेका छैनन् ।" "हामी सबै सेवाहरूलाई सामान्य अवस्थामा फर्काउन गहन रूपमा काम गरिरहेका छौं, तर हाल इन्टरनेट नियन्त्रणका लागि चीनमा कुनै विद्युतीय प्रणाली (ईटीए) कार्यान्वयनमा रहेको छैन ।"

सरकारी अनुमति बिना भीपीएनजस्ता अवरुद्ध वेबसाइटहरूमा पहुँचका लागि प्रयोग गरिने भीपीएन सफ्टवेयर प्रयोगलाई चीनमा अवैध मानिन्छ।

राज्यका सुरक्षाकर्मी र कूटनीतिज्ञहरूलाई भने पहिले ट्वीटरका नामले ख्याति कमाएको सामाजिक सञ्जाल एक्सजस्ता प्रतिबन्धित वेबसाइटहरूमा पहुँचका लागि ती सफ्टवेयरको प्रयोगलाई अनुमति दिइएको छ ।

सम्मेलनलाई मध्यनजर राखी बेइजिङमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

सुरक्षा अधिकारीहरूले कुकुरसहित हातमा रातो पट्टी बाँधेका वृद्ध स्वयंसेवकहरूसँग सडकमा गस्ती गरिरहेका र शंकास्पद व्यवहारको लागि पैदल यात्रीहरूको निगरानी गरिरहेका पाइन्छ ।

चिनियाँ सामाजिक सञ्जाल वाइबोले पनि संवेदनशील विषयहरूलाई नियन्त्रण गर्न द्रूत रूपमा काम गरिरहेको छ ।

चिनियाँ प्रधानमन्त्रीले सम्मेलनपछि परम्परागतरूपमा आयोजना गर्ने औपचारिक पत्रकार सम्मेलन रद्द गर्ने निर्णयबारे छलफल गर्ने सबै ह्यासट्यागहरू 'खोजीको सूची' बाट तुरुन्तै हटाइएको थियो र अर्को 'मध्यम वर्गका बच्चाहरूको कुनै भविष्य छैन' भन्ने चीनको आर्थिक सङ्कटको सन्दर्भ पनि हटाइएको थियो ।

चीनको घरेलु सञ्चार राज्य नियन्त्रित छ र सामाजिक सञ्जालको व्यापक सेन्सरशिप अक्सर नकारात्मक कथाहरू वा आलोचनात्मक कभरेज दबाउन प्रयोग गरिन्छ ।

नियामक निकायले यसअघि पनि लगानीकर्तालाई चीनबारे विदेशी समाचार नपढ्न आग्रह गरेका थिए ।

गत वर्ष एक भाषणमा चिनियाँ राष्ट्रपति सी चिनफिङले सत्तारुढ कम्युनिस्ट पार्टीको इन्टरनेटमाथिको नियन्त्रण 'मजबुत' भएको र राज्यले राष्ट्रियताका सवालमा जोखिम सिर्जना गर्ने 'साइबर स्पेसलाई नियन्त्रण गर्नु' महत्वपूर्ण रहेको बताउनुभएको थियो ।

# महिला साफ च्याम्पियनशिपको उपाधि बङ्गलादेशलाई

काठमाण्डु । बङ्गलादेशले भारतलाई 'पेनाल्टी सुटआउट'मा पराजित गर्दै दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१६ महिला च्याम्पियनशिपको उपाधि जितेको छ ।

सातदोबाटोस्थित एन्फा कप्लेक्समा आइतवार भएको फाइनल खेलमा बङ्गलादेशले पेनाल्टी सुटआउटमा ३-२ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको उपाधि जितेको हो । खेलको निर्धारित समयसम्म दुवै टोलीबाट १-१ गोल बराबरीमा खेलेपछि खेल पेनाल्टी सुटआउट गएको हो ।

पेनाल्टीमा बङ्गलादेशका लागि मारियम बिन्ता हन्ना, थुनी मर्मा र साथी मुन्डाले गोल गरे । त्यसैगरी, सौभरभी अखण्ड प्रीति र अल्पी अख्तर भने गोल गर्नबाट चुके ।

भारतका लागि स्वेता रानी र अन्विता रघुरमानले गोल गर्दा एलिनादेवी सारङ्थेम, बोनिफिलिया शुल्लई र दिव्यारानी लिन्डाले गोल गर्न सकेनन् ।

त्यसअघि, खेलको चौथो मिनेटमै अनुष्का कुमारीको गोलमार्फत भारतले अग्रता लिएको थियो ।

खेलको ७१औँ मिनेटमा बङ्गलादेशकी मरियम बिन्ता हन्नाले एक गोल फर्काउँदै खेललाई एक-एक गोलको बराबरीमा ल्याएकी थिइन् । सङ्घर्षपूर्ण खेलमा गोल हुन सकेन र खेलको निर्णय पेनाल्टी सुटआउटमा गएको थियो । प्रतियोगितामा नेपालसहित, भारत, बङ्गलादेश र भूटानको सहभागिता थियो । रासस

# सन् २०२३ मा साउदी कम्पनी अरामकोको नाफामा २४.७ प्रतिशतले गिरावट

**एएफपी**

रियाद । साउदी अरबको बहुराष्ट्रिय कम्पनी अराम्कोको नाफामा सन् २०२३ मा अघिल्लो वर्षको तुलनामा २४.७ प्रतिशतले गिरावट आएको कम्पनीले जनाएको छ ।

पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास उत्पादन तथा बिक्री गर्ने अराम्कोले साउदी स्टक मार्केटलाई दिएको जानकारीअनुसार सन् २०२३ मा कूल आम्दानी१२१.२५ अर्ब अमेरिकी डलर पुगेको छ भने सन् २०२२ मा यो १६१.०७ अर्ब डलर रहेको थियो ।

अरामकोले भनेको छ, "यो कमीले मुख्यतया कच्चा तेलको कम मूल्य र कम परिमाणमा बिक्रीको प्रभावलाई प्रतिबिम्बित गर्दछ ।" फेब्रुअरी २०२२ मा युक्रेनमा रूसले गरेको आक्रमणका कारण तेलको मूल्य आकाशिएको थियो र त्यो वर्ष प्रति ब्यारेल १३० अमेरिकी डलरभन्दा बढी पुगेको थियो ।

अराम्कोले सन् २०२२ मा उच्च मुनाफा कमाएको र यसले राज्यलाई लगभग एक दशकमा पहिलो वार्षिक बजेट अधिशेष दिएको थियो ।

सन् २०२३ मा हामीले अहिलेसम्मकै दोस्रो उच्च आम्दानी हासिल गरेका छौं । अरामकोका कार्यकारी प्रमुख अमिन एच नासेरले भन्नुभयो, "विश्वव्यापी आर्थिक सङ्कटको पृष्ठभूमिको बावजुद हाम्रो लचिलोपन र सक्रियताले स्वस्थ नगद प्रवाह र उच्च स्तरको मुनाफामा योगदान पुर्‍याएको छ ।

"हामीले सन् २०२३ मा भुक्तानी गरेको कुल लाभांशमा वार्षिक ३० प्रतिशतले वृद्धि गर्दै आफ्ना शेयरधनीलाई पनि लाभांश वितरण गरेका छौं," उहाँले भन्नुभयो ।

गत वर्ष तेलको मूल्य घटेर प्रति ब्यारेल ८५ डलरमा झरेको थियो, जसका कारण पहिलो त्रैमासिकमा अराम्कोको नाफा १९.२५ प्रतिशत, दोस्रो त्रैमासिकमा ३८ प्रतिशत र तेस्रो त्रैमासिकमा २३ प्रतिशतले नाफा घटेको थियो ।

रियादस्थित कम्पनी जादवा इन्भेस्टमेन्टले अक्टोबरमा प्रकाशित एक रिपोर्टमा इजरायल-हमास युद्धका कारण विश्वव्यापी अनिश्चितताका कारण यस वर्ष कच्चा तेलको मूल्य प्रति ब्यारेल ८८ देखि ९० अमेरिकी डलर पुग्ने जनाएको छ ।

# भारतको शीर्ष निर्वाचन अधिकारीद्वारा राजीनामा



**एएफपी**

नयाँदिल्ली । आम निर्वाचनको अपेक्षित घोषणा हुनुभन्दा केही दिनअघि भारतको निर्वाचन आयोगका दोस्रो उच्च श्रेणीका अधिकारीले राजीनामा दिएको न्याय मन्त्रालयले जनाएको छ । निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालको खोजी गर्नुहुनेछ ।

मानव इतिहासमा लोकतान्त्रिक मताधिकारको सबैभन्दा ठूलो अभ्यास गर्नका लागि भारतको निर्वाचन आयोगलाई आफ्ना तीन शीर्ष अधिकारीमध्ये एकजनालाई मात्र छाडेर अरुण गोयलले शनिबार राजीनामा दिनुभएको छ ।

अप्रिल-मेमा हुने निर्वाचनमा करिब एक अर्ब मानिस मतदान गर्न योग्य छन् ।

भारतीय राष्ट्रपति द्रौपदी मुर्मूले गोयलको राजीनामा स्वीकृत गर्नुभएको कानून तथा न्याय मन्त्रालयले जनाएको छ । यद्यपि मन्त्रालयले उहाँले राजीनामा गरेको कारण भने बताएको छैन । एनडिटिभी समाचार नेटवर्कले स्रोतलाई उद्धृत गर्दै गोयलले 'व्यक्तिगत कारण' देखाई राजीनामा दिनुभएको उल्लेख गरेको छ ।

निर्वाचन आयोगमा अर्का अधिकारी गत वर्ष सेवानिवृत्त भए पनि उक्त पदमा हालसम्म कसैलाई नियुक्त गरिएको छैन ।

स्थानीय सञ्चारमाध्यमले धेरै चरणमा हुने निर्वाचनको मितिको घोषणा आगामी साता गरिने सम्भावना रहेको बताएका छन् ।

प्रमुख विपक्षी दल कांग्रेसका महासचिव के.सी. वेणुगोपालले गोयलको राजीनामा चिन्ताको विषय भएको बताउनुभयो । "निर्वाचन आयुक्त श्री अरुण गोयलले लोकसभा (संसदीय) निर्वाचनको ठिकअघि राजीनामा दिनु विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको स्वास्थ्यका लागि अत्यन्त चिन्ताजनक हो", उहाँले भन्नुभयो, "निर्वाचन आयोगजस्तो संवैधानिक संस्थाले कसरी काम गरिरहेको छ र सरकारले कसरी उक्त संस्थामाथि दबाब दिएको छ भन्नेबारेमा कुनै पनि पारदर्शिता छैन ।"

धेरै जनमत सर्वेक्षणले आम निर्वाचनमा मोदी र उहाँको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) ले सजिलै जित हासिल गर्ने सङ्केत गरेका छन् ।

गत वर्ष एक प्यु सर्वेक्षणमा करिब ८० प्रतिशत भारतीयले मोदीलाई सकारात्मकरूपमा हेरेको पाइएको थियो ।

युगभले फेब्रुअरीमा सहरी मतदाताहरूमा गरेको सर्वेक्षणमा भाजपाले हरेक उमेर र लिङ्ग जनसाि्यकीमा धेरै विपक्षी पार्टीमाथि सजिलै अगाडि बढिरहेको देखाएको थियो ।

# भारत र युरोपेली इएफटिएबीच १०० अर्ब डलरको स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर

**एएफपी**

नयाँदिल्ली । भारत र नर्वे तथा स्विट्जरल्यान्डसहित चार सदस्यीय युरोपेली ब्लक इएफटिएले लगानी र निर्यात प्रवर्द्धन गर्नका लागि आइतबार एक सय अर्ब डलरको स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेका छन् ।

भारतका व्यापारमन्त्री पियुष गोयलले उक्त सम्झौताअन्तर्गत आइसल्यान्ड र लिक्टन्स्टाइनसहित गैर-युरोपेली सङ्घ मुलुकबाट बनेको युरोपेली स्वतन्त्र व्यापार सङ्घ (इएफटिए) विश्वको पाँचौं सबैभन्दा ठूलो अर्थतन्त्रले भारतमा १५ वर्षमा एक सय अर्ब डलरको लगानी गर्ने जानकारी दिनुभयो ।

"भारत-इएफ्टिए व्यापार र आर्थिक साझेदारी सम्झौता (टिइपिए) हाम्रो बढ्दो साझेदारीमा कोसेढुङ्गा हो", दिल्लीमा हस्ताक्षर गरेपछि मन्त्री गोयलले भन्नुभयो ।

उहाँले सम्झौताले निर्यात र लगानी प्रवर्द्धन तथा रोजगारी सिर्जना गरेर आपसी विकास र समृद्धिको मार्ग प्रशस्त गर्ने बताउनुभयो ।

सोह्र वर्षसम्म लामो वार्तापछि उक्त सम्झौतामा हस्ताक्षर गरिएको हो ।

हस्ताक्षर समारोहमा उल्लेख गरिएको विज्ञप्तिअनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले व्यापार सम्झौता 'खुला, निष्पक्ष र समतामूलक व्यापारका लागि हाम्रो साझा प्रतिबद्धताको प्रतीक भएको' बताउनुभएको छ ।

"सम्झौताले हामीलाई आफ्नो आर्थिक क्षमताको राम्रो उपयोग गर्न र भारत तथा इएफटिए दुवै राज्यका लागि थप अवसर सिर्जना गर्न अनुमति दिनेछ", नयाँदिल्लीमा स्विस अर्थमन्त्री गाई पार्मेलिनले भन्नुभयो, "इएफटिए मुलुकहरूलाई एउटा प्रमुख विकास बजारसम्म अनुमति प्राप्त हुनेछ, बदलामा भारतले इएफटिएसँग अधिक विदेशी लगानी आकर्षित गर्नेछ जुन अन्ततः राम्रो रोजगारी वृद्धिमा परिणत हुनेछ ।"

इएफटिएको स्थापना आफ्ना सदस्यहरूबीच स्वतन्त्र व्यापार तथा आर्थिक एकीकरणलाई बढाउनका लागि सन् १९६० मा भएको थियो ।

सन् २०२१ मा यो वस्तुको हिसाबले विश्वको १० औं सबैभन्दा ठूलो र सेवाका हिसाबले आठौं सबैभन्दा ठूलो व्यापारी थियो ।

हालैका वर्षहरूमा भारतले अस्ट्रेलिया र संयुक्त अरब इमिरेट्ससँग व्यापार सम्झौतामा हस्ताक्षर गरेको छ ।

बेलायतसँग लामो समयदेखि छलफल भएको व्यापार सम्झौता पनि अन्तिम चरणमा पुगेको बताइएको छ ।

# गाजा युद्धप्रति नेतन्याहूको दृष्टिकोणले इजरायललाई सहयोगभन्दा बढी चोट पुऱ्याएको बाइडेनको दाबी

**एएफपी**

वासिङ्टन । इजरायली राष्ट्रपति बेन्यामिन नेतन्याहूले गाजामा जारी युद्धप्रति देखाएको दृष्टिकोणले इजरायललाई सहयोग गर्नुको सट्टा बढी क्षति पुऱ्याइरहेको अमेरिकी राष्ट्रपति जो बाइडेनले बताउनुभएको छ ।

गाजाको मानवीय सङ्कट झनै विकराल बन्दै गएको र यसले अमेरिकी संसद्मा राष्ट्रपतिको विपक्षमा कडा विरोध भइरहेको समय वाइडेनले दक्षिणी गाजाको रफामा इजरायलको आक्रमणको चेतावनीबारे विरोधाभासी टिप्पणी आएको हो ।

"नेतन्याहूलाई इजरायलको रक्षा गर्ने अधिकार छ, हमासलाई पछ्याइरहने अधिकार छ", बाइडेनले भन्नुभयो, "तर उहाँ (नेतन्याहू) ले चालेका कदमका कारण निर्दोष मानिसको ज्यान जानेतर्फ बढी ध्यान दिनुपर्छ ।"

"मेरो विचारमा उहाँले इजरायललाई सहयोग गर्नुभन्दा पनि बढी चोट पुऱ्याइरहनुभएको छ," उहाँले थप्नुभयो ।

रफाको २४ लाख बासिन्दामध्ये करिब १५ लाख अहिले गाजामा सुरक्षाका लागि पुगेका विस्थापित प्यालेष्टिनी नागरिक रहेका छन् । यस क्षेत्रमा हुने आक्रमणले ठूलो मानवीय जोखिम निम्त्याउन सक्ने भन्दै रफामा इजरायलको सम्भावित आक्रमणको बारेमा बाइडेनको अस्पष्ट देखिँदै आउनुभएको छ ।

"यो खतराको रेखा हो", ८१ वर्षीय डेमोक्र्याट नेताले भन्नुभयो, "म इजरायलको पक्ष कहिल्यै छोड्ने छैन । इजरायलको प्रतिरक्षा अझै पनि महत्वपूर्ण छ ।"

बाइडेनले बिहीबार स्टेट अफ द युनियनको सम्बोधनपछि नेतन्याहूलाई गाजा युद्धबारे छलफल गरेर अघि बढ्नुपर्ने भन्दै इजरायली प्रधानमन्त्री नेतन्याहूलाई वासिङ्टन भ्रमणका लागि निमन्त्रणा दिनुभएको छ ।

अक्टोबर ७ मा हमासले सीमापार गरेको आक्रमणमा करिब एक हजार १६० जनाको मृत्यु भएको थियो भने करिब २५० जनालाई बन्धक बनाइएको थियो । बदलामा इजरायलले गाजामा निरन्तर हवाई आक्रमण गरिरहेको छ ।

हमास नियन्त्रित गाजामा इजरायलले गरेको जवाफी कारबाहीमा ३१ हजार भन्दा बढी व्यक्तिको मृत्यु भएको र मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका प्यालेष्टिनी स्रोतले जनाएको छ ।

# कृषिबाटै करोडपति



सुनसरी । कृषि क्षेत्रमा ‘सम्भावना नभएको’ भन्दै खेतबारी बाँझै राखेर विदेश पलायन हुने युवापुस्ताको सङ्ख्या ठूलो छ। देशमै पनि गाउँको उर्वर खेतबारी चट्टै छाडेर सहरतिर मजदुरी गर्नेहरु उत्तिकै छन् । धरानको वसन्तटारका कृष्ण राईले भने कृषि पेसामै ठूलो सम्भावना रहेको देख्नुहुन्छ।

कृषिबाटै नाम र दाम कमाउनु भएको उहाँ भन्नुहुन्छ, “अल्छी गर्नेलाई कतै सम्भावना छैन, जाँगर हुनेलाई कृषिमा सम्भावनै सम्भावना छ”, सोताङ अर्ग्यानिक कृषि फर्म खोलेर तरकारी र फलफूलको खेतीसँगै कुखुरा, बाख्रा, बङ्गुरदेखि गाईसम्म पालन गर्नु भएका राईले यसैबाट बार्षिक करोडौंको कारोबार गर्दै आउनुभएको छ। कृषिबाटै उहाँले करोडौँको जग्गा जमिन जोड्नु भएको छ, भव्य घर बनाउनुभएको छ । कृषिबाट उहाँ आफुले मात्र कमाउनु भएको छैन, अरुलाई पनि रोजगारी दिनु भएको छ।

कृषिकर्मबाटै उहाँले धरानमा अढाई बिघा जग्गा जोड्नु भएको छ भने बराह क्षेत्रमा करिब १५ विघा किनिसक्नु भएको छ । ती जग्गामा कतै विभिन्न तरकारी र फलफूल लगाउनु भएको छ भने कतै ठूलो मात्रामा सयौं प्रजातिका फूलको नर्सरी बनाउनु भएको छ। उहाँको गोठमा ५५ वटा गाई छन्। ती गाईबाट उत्पादन भएको दूध धरान बजारमा दैनिक पाँच सय लिटर बिक्री गर्नुहुन्छ।

त्यस्तै उहाँको खोरमा अहिले १० वटा बङ्गुरका माउ छन् । तिनबाट उत्पादन भएका बच्चा बेच्नुहुन्छ भने मासुका लागि पालिएका बङ्गुर पनि बेच्नुहुन्छ । उहाँले कुखुरा, हाँसलगायतका पंक्षीहरु पनि पाल्नुभएको छ । घरै उहाँले माटो बिना साग फलाउन सकिने हाइड्रोफोनिक प्रविधिबाट सागको खेती गर्नु भएको छ भने त्यससँगै माछा पनि पाल्नु भएको छ।

उहाँको सोताङ अर्ग्यानिक कृषि फर्ममा राईका बुवा, आमा, श्रीमती र छोराले पनि सहयोग गर्छन् । त्यसबाहेक उहाँले १६ जनालाई रोजगारीसमेत दिनुभएको छ। हालसम्म कृषि क्षेत्रमा उहाँको लगानी नै करोडौँ पुगिसकेको छ । उहाँले धरान-७ शान्तिपथमा तरकारी तथा फलफूल बिक्री गर्न पसल पनि सञ्चालन गरिरहनु भएको छ । त्यसबाहेक घरमै किन्न आउनेहरु पनि उत्तिकै हुन्छन् । तरकारी, फलफूल तथा पशुपालनबाट मासिक रु १२ लाखको हाराहारीमा कमाई भइरहेको उहाँ बताउनुहुन्छ।

**पचपन्न रुपैयाबाट सुरु**

अहिले करोडौँको लगानी पुगेको राईको कृषि फर्मको सुरुआत भने जम्मा ५५ रुपैयाँ लगानीबाट भएको थियो । उहाँ भन्नुहुन्छ, “सुरुमा ५५ रुपैयाँ लगानी गरेर कृषि क्षेत्रमा लागेको थिएँ, त्यहि फैलिँदै अहिले करोडौंको भएको हो ।”

सामान्य आर्थिक अवस्थाको कृष्णको परिवारसँग पहिला जम्मा छ कट्ठा जग्गा मात्र थियो। त्यसैमा बावुले परम्परागत कृषि कर्म गर्दै आउनुभएको थियो । खासै राम्रो उब्जनी हुँदैनथ्यो। त्यसबाट जीवन धान्न नै मुस्किल पर्ने अवस्था थियो। करिब २६ वर्षअघि कृष्णले स्कुलबाट फर्किने क्रममा बाटोमा एक जना मान्छेले काँक्राको बीउ किनिरहेको देख्नुभयो । त्यसपछि बीउ बेच्नेसँग सोधखोज गर्दा राम्रो फल्ने काँक्राको बीउ हो भन्ने जानकारी पाउनुभयो । “त्यसपछि मैले पनि १० रुपैयाँमा १८ वटा काँक्राको बीउ किनेर ल्याएँ”, उहाँ सम्झिनुहुन्छ, “त्यो बीउलाई मलजल गर्दा जम्मा लगानी ५५ रुपैयाँ पुगेको थियो । त्यसबाट फलेका काँक्रा बिक्री गर्दा पाँच सय ५० रुपैयाँ कमाएँ। त्यहीँबाट कृषिमा सम्भावना रहेछ भन्ने बुझेर लागि परेको हुँ ।”

कृषिलाई परम्परागतबाट आधुनिक तरिकाले अघि बढाउने सोंच भएपनि तालिमको अवसर थिएन । उहाँका लागि त्यसबेला रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रशारण हुने कृषि कार्यक्रम नै तालिम बने । ती कार्यक्रम नियमित सुन्ने र हेर्ने गर्न थाल्नुभयो। पत्रपत्रिकामा कृषिका समाचार देख्ने बित्तिकै पढ्न थाल्नुभयो । उहाँ भन्नुहुन्छ, “कसैले खेतीपातीका विषयमा कुरा गरेको सुनें भने ध्यान दिएर सुन्थे, कतै पत्रपत्रिकामा कृषिकाबारे लेखिएको भेटे, घरमा ल्याएर मज्जाले पढ्थें। मेरा गुरुहरु तिनै थिए।”

खेती र पशुपालन गर्दा समस्या नआउने कुरै भएन, उहाँले पनि धेरै रोग र विभिन्न समस्या भोग्नुभयो तर समस्यासँग कहिल्यै हार मान्नु भएन । यसरी सिक्दै अघि बढाएको कृषि कर्म अहिले उहाँ अरुलाई पनि सिकाउनु हुन्छ । उहाँले केही वर्षअघि बसन्तटारमा रु ८५ लाख लगानी गरेर आधुनिक कृषि तालिम केन्द्रका लागि भवन निर्माण गर्नु भएको छ । कृषिसम्बन्धी विभिन्न तालिम यसैमा सञ्चालन गर्नु हुन्छ । उहाँको कृषि फर्ममा अध्ययन भ्रमणमा टाढादेखिका कृषकहरु पनि आउने गरेका छन् । उहाँ भन्नुहुन्छ, “अहिले खेतीपाती र पशुपालन गर्ने तरिका मात्र होइन, आफ्ना उत्पादनलाई कसरी बजारीकरण गर्ने भन्ने विषयमा प्रशिक्षण पनि दिंदै आएको छु।”

अर्गानिक गाउँ

धरान उपमहानगरपालिका-४ मा पर्ने बसन्तटार गाउँ अर्गानिक खेतीका लागि चर्चित छ । यो गाउँमा कृषिलाई व्यवसायीकरण गर्नमा कृष्णकै ठूलो योगदान छ । उहाँकै प्रेरणाले गाउँभर अहिले कृषि फर्महरु खुलेका छन्। कृषिबारे बुझ्न आउनेहरुका लागि यो गाउँ पाठशाला जस्तै बनेको छ।

कृष्णले आफ्नो खेतबारी मात्र होइन पूरा गाउँलाई नै अर्गानिक बनाउन निक्कै मिहिनेत गर्नु परेको थियो । अन्य गाउँलेले जस्तै कृष्णले पनि सुरुका वर्षमा धेरै उत्पादन हुने लोभमा खेतीमा रासायनिक मल र विषादीको प्रयोग गर्नु भएको थियो। तर केही वर्षमा माटोको उर्वरा शक्ति हराएर उब्जनी घट्न थाल्यो । त्यसपछि उहाँले किन यस्तो भयो ? भनेर कारण खोज्नुभयो । धेरैतिर बुझ्दा थाहा भयो, रासायनिक मल र विषादीको प्रयोगले माटोको उर्वरा शक्ति नै हराउने रहेछ।

बारीमा रासायनिक मल र विषादी प्रयोग गरेर आफैंले गल्ति गरेको महशुस गरी उहाँले त्यसलाई सुधार्ने बाचा गर्नु भयो । तर बिग्रिएको माटो सुधार गर्नु त्यति सजिलो काम थिएन । त्यसका लागि निक्कै मिहिनेत गर्नु परेको उहाँको अनुभव छ । माटो सुधार्नका लागि त्यसपछि कृष्णले आफैं जैविक मल उत्पादन गर्न थाल्नुभयो । जैविक वनस्पतीकै विषादी बनाउनु भयो । जैविक मल र विषादी बनाउने काम अहिले पनि गरिरहनु भएको छ। उहाँ भन्नुहुन्छ, “रासायनिक मल र विषादी हाल्नु हुन्न भन्ने बुझेपछि म अर्ग्यानिक खेतीका अभियन्ता बनेको हुँ।”

अर्गानिक खेती गर्नका लागि आफ्नो बारीमा मात्र रासायनिक मल र विषादी प्रयोग नगरेर हुने अवस्था थिएन । उहाँ भन्नुहुन्छ, “मैले मेरो बारीमा त रासायनिक मल र विषादी प्रयोग गरिन तर गाउँमा अरुले प्रयोग गरेपछि त्यसको असर मेरो बालीमा पनि पर्ने रहेछ । त्यसो हुँदा अर्गानिक खेती गर्न सम्भव नदेखिएपछि अरुलाई पनि बुझाउने कोसिस गरें र सफल पनि भएँ।”

अहिले उहाँको पाइला पछ्याउँदै बसन्तटार गाउँका एक सय ५० घरधुरीले अर्गानिक खेती गर्छन् । त्यसमध्ये ५५ घरको मुख्य आम्दानीको स्रोत अर्गानिक कृषि नै रहेको उहाँ बताउनुहुन्छ । बसन्तटार अहिले कृषि अभियन्ताहरुका लागि सिकाइको थलो बनेको छ।

कृषिबाट राम्रो आम्दानी गर्नुका साथै अरुका लागि प्रेरणाका स्रोत समेत बन्नु भएका कृष्णलाई विभिन्न सङ्घसंस्थाले सम्मान समेत गरेका छन् । परिवारसहित कृषिमै रमाइरहनु भएका राई भन्नुहुन्छ, “कृषिमा अलि मेहनत आवश्यक पर्छ तर सम्भावनै छैन भन्ने कुरा गलत हो । पलायन हुनुभन्दा युवाहरुले आफ्नै ठाउँमा पसिना बगाए देश समृद्ध बन्छ, कसैले पनि परिवार पाल्न विदेश भौंतारिनुपर्ने अवस्था आउँदैन ।” रासस

# वसन्तपुर-ढुङ्गेसाँघु प्रसारण लाइनको निर्माण सकियो

**काठमाण्डु** । तमोर र त्यसका सहायक नदीमा निर्माणाधीन आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोड्नका लागि महत्वपूर्ण मानिएको कोशी करिडोर २२० किलोभोल्ट (केभी) प्रसारण लाइन आयोजना सम्पन्न भएको छ।

सङ्खुवासभाको धर्मदेवी नगरपालिकास्थित वसन्तपुर सबस्टेसनबाट ताप्लेजुङको मैवाखोला गाउँपालिकास्थित ढुङ्गेसाँघु सबस्टेसनसम्मको प्रसारण लाइनको पहिलो सर्किट निर्माण सम्पन्न भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

तमोर नदी र त्यसका सहायक खोलानालामा निर्माण भएका र हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्न वसन्तपुर-ढुङ्गेसाँघु २२० केभी डबल प्रसारण लाइन निर्माण गरिएको हो । समुद्र सतहबाट तीन हजार मिटर उचाइसम्म भएर जाने वसन्तपुर-ढुङ्गेसाँघु २२० प्रसारण लाइनको लम्बाइ ३५ किलोमिटर छ । प्रसारण लाइनका लागि एक सय २७ वटा टावर निर्माण गरिएका छन्। वसन्तपुर-ढुङ्गेसाँघु प्रसारण लाइनअन्तर्गत नै वसन्तपुर सबस्टेसनमा छ वटा ‘बे’ विस्तार भइरहेको छ। त्यसमध्ये तीन वटा बेका उपकरण जडान र परीक्षण भइरहेको छ। उक्त कार्य आगामी चैतको पहिलो हप्ताभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले वसन्तपुर-ढुङ्गेसाँघु प्रसारण लाइन निर्माण सम्पन्न भएपछि मुख्यरुपमा सानिमा मिडिल तमोर हाइड्रोपावर लिले ताप्लेजुङमा निर्माण गरिरहेको ७३ मेगावाटको मध्य तमोर जलविद्युत् आयोजनाको विद्युत् प्रवाहमा कुनै समस्या नरहेको बताउनुभयो । “वसन्तपुर-ढुङ्गेसाँघु प्रसारण लाइनमा केही हप्ताभित्रमा मध्य तमोरको विद्युत् जोडिनेछ, आयोजनाको हाल अन्तिम चरणका परीक्षणका कार्य भइरहेको जानकारी पाएका छौं, आयोजनाको विद्युत् जोड्न वसन्तपुर सबस्टेसनमा बे विस्तारका लागि उपकरण जडान र परीक्षणका कार्य भइरहेका छन्, मध्य तमोरले विद्युत् उत्पादन सुरु गर्ने बेलासम्ममा वसन्तपुर सबस्टेसनमा बे विस्तार सम्पन्न भई विद्युत् प्रवाहका लागि तयार हुनेछ”, कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

“प्रसारण लाइन र सबस्टेसन तयार भयो, तर जलविद्युत् आयोजना निर्माण हुन नसक्दा २२० केभी लाइन कम क्षमतामा चलाउनुपर्ने अवस्था छ, मध्य तमोरलगायतका जलविद्युत् आयोजनाको विद्युत् उक्त लाइनमा जोडिएर इनरुवा सबस्टेसनमार्फत मोरङ र सुनसरी जिल्ला आपूर्ति गरिने हुँदा त्यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि उत्पादन स्रोत भएको छ जसले गर्दा भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुनेछ।”

कोशी करिडोर प्रसारण लाइन आयोजना प्याकेज-३ अन्तर्गत वसन्तपुर-ढुङ्गेसाँघु २२० केभी प्रसारण लाइन र ढुङ्गेसाँघुमा १३२/३३ केभी सबस्टेसन निर्माणका लागि केइसी इन्टरनेशनल, भारतसँग विसं २०७४ माघमा दुई करोड ४५ लाख अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो । उक्त ठेक्का सम्झौता २०७५ जेठदेखि कार्यान्वयनमा आएको थियो । प्रसारण लाइन निर्माण सम्पन्न भएको छ भने ढुङ्गेसाँघु सबस्टेसन निर्माण अन्तिम चरणमा छ । नेपाल सरकार तथा प्राधिकरणको लगानी र भारत सरकारको निर्यात आयात (एक्जिम) बैंकको सहुलितपूर्ण ऋणमा वसन्तपुर-ढुङ्गेसाँघु प्रसारण लाइन निर्माण गरिएको हो।

कोसी करिडोर प्रसारण लाइन आयोजना प्याकेज-४अन्तर्गत वसन्तपुर-ढुङ्गेसाँघु प्रसारण लाइनको दोस्रो सर्किट निर्माण र वसन्तपुर सबस्टेसनमा बे विस्तार कार्य भइरहेको छ। कूल ३५ किलोमिटरमध्ये प्रसारण लाइनमध्ये हालसम्म १५ किलोमिटर तार तानिएको छ। बे विस्तार जारी छ।

यस प्याकेजका काम गर्न नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लिसँग २०७९ कात्तिकमा ठेक्का सम्झौता भएको थियो । नेपाल सरकार र प्राधिकरणको लगानीमा निर्माण भइरहेको यस प्याकेजका सम्पूर्ण काम आगामी डेढ महिनाभित्रमा सक्ने लक्ष्य राखिएको छ।

कोशी करिडोर प्रसारण लाइन प्याकेज-१ अन्तर्गत सङ्खुवासभाको तुम्लिङ्टारबाट सुनसरीकोभोक्राहानरसिंहगाउँपालिकास्थित इनरुवा सबस्टेसनसम्मको २२० केभी डबल सर्किट टावर निर्माण गरी टावरको एकतर्फमात्र तार तानेर लाइन सञ्चालनमा ल्याइएको छ।

प्याकेज-२ अन्तर्गत सुनसरीको इनरुवा र सङ्खुवासभाको तुम्लिङ्टार, बानेश्वर तथा वसन्तपुरमा २२० केभी सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ। वसन्तपुर सबस्टेसनमा तुम्लिङ्टार र ढुङ्गेसाँघु सबस्टेसनबाट विद्युत् आउनेछ । वसन्तपुरबाट २२० केभी प्रसारण लाइन हुँदै विद्युत् इनरुवा सबस्टेसनमा पुऱ्याएर राष्ट्रिय प्रसारण प्रणालीमा समाहित हुनेछ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र भारत सरकारको निर्यात आयात (एक्जिम) बैंकको सहुलितपूर्ण ऋणमा कोशी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत तुम्लिङ्टार, वसन्तपुर र बानेश्वरमा सबस्टेसन र प्रसारण लाइनको निर्माण गरिएको हो।

अरुण तथा तमोर नदी र त्यसका सहायक खोलानालामा निर्माण हुने र भइरहेका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् कोसी करिडोर २२० केभी प्रसारण लाइनमार्फत इनरुवा सबस्टेसनमा जोडिनेछ । कोसी प्रदेशका भोजपुर, सङ्खुवासभा, तेह्रथुम र ताप्लेजुङमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न कोसी करिडोरको निर्माण गरिएको हो । कोसी करिडोर प्रसारण लाइन आयोजनामार्फत तुम्लिङटारदेखि वसन्तपुरसम्म करिब एक हजार मेगावाट, ढुङ्गेसाँघुदेखि वसन्तपुरसम्म करिब एक हजार मेगावाट र वसन्तपुरदेखि इनरुवासम्म करिब दुई हजार मेगावाट विद्युत् प्रसारण गर्न सकिन्छ। रासस

# सात महिनामा रु आठ खर्ब ३९ अर्ब विप्रेषण, १२ महिनाको आयात धान्ने मुद्रा सञ्चिति

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह, चालु खाता, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकहरु सकारात्मक देखिएका छन्।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह २१ दशमलव छ प्रतिशतले वृद्धि भई रु आठ खर्ब ३९ अर्ब पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २७ दशमलव एक प्रतिशतले बढेको थियो।

> अहिले बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु दुई खर्ब २१ अर्ब दुई करोड रहेको छ । गत माघ मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव छ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १९ दशमलव एक प्रतिशतले वृद्धि भई अमेरिकी डलर छ अर्ब ३१ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १६ दशमलव चार प्रतिशतले बढेको थियो।

माघ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ४७ हजार १२ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या एक लाख ५८ हजार पाँच सय ४० रहेको छ।

चालु आर्थिक वर्षको सुरुवाती सात महिनामा खुद ट्रान्सफर २० प्रतिशतले वृद्धि भई रु नौ खर्ब १० अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २५ दशमलव दुई प्रतिशतले बढेको थियो। यो अवधिसम्ममा पुँजीगत ट्रान्सफर २९ प्रतिशतले कमी आई रु तीन अर्ब ८० करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु पाँच अर्ब १८ करोडले धनात्मक रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ३५ करोड कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु एक अर्ब चार करोडले धनात्मक रहेको थियो।

चालु खाता एवम् शोधनान्तर स्थिति पनि सकारात्मक देखिएका छन् । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा चालु खाता रु एक खर्ब ६१ अर्ब ६९ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ४० अर्ब १६ करोडले घाटामा रहेको थियो। अहिले शोधनान्तर स्थिति रु दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब २८ अर्ब ५५ करोडले बचतमा रहेको थियो।

गत असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पछिल्लो सात महिना अवधिमा १९ दशमलव ९ प्रतिशतले वृद्धि भई गत माघ मसान्तमा रु १८ खर्ब ४४ अर्ब ९४ करोड पुगेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तसम्ममा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा गत माघ मसान्तसम्म पुग्दा २० दशमलव सात प्रतिशतले वृद्धि भई रु १६ खर्ब २३ अर्ब ९२ करोड पुगेको छ । अहिले बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु दुई खर्ब २१ अर्ब दुई करोड रहेको छ । गत माघ मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव छ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ।

चालु आर्थिक वर्षको सुरुवाती सात महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव सात महिनाको वस्तु आयात र १२ दशमलव तीन ३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

माघ मसान्तसम्ममा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३४ दशमलव तीन, १०२ दशमलव चार र २८ प्रतिशत रहेका छन्। रासस

# अमेरिकी लगानीकर्तालाई लगानी सम्मेनलमा सहभागी हुन अर्थमन्त्रीको अपिल

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले आगामी वैशाखमा आयोजना हुन लागेको तेस्रो लगानी सम्मेलनमा सहभागिता जनाउन अमेरिकी लगानीकर्तालाई आग्रह गर्नुभएको छ। नेपालका लागि अमेरिकी राजदूत डिन थम्प्सनसँग आइतबार अर्थमन्त्रालयमा भेटवार्ता गर्नुहुँदै अर्थमन्त्री पुनले अमेरिकाबाट बढीभन्दा बढी लगानीकर्ता आउने वातावरण बनाइदिन आग्रह गर्नुभएको हो।

नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण रहेको उल्लेख गर्नुहुँदै अर्थमन्त्री पुनले लगानीकर्ताका लागि आवश्यक कानुनी तथा व्यावहारिक सहजीकरणका लागि सरकार तत्पर रहेको बताउनुभयो। “अन्तर ाष्ट्रिय लगानीकर्ताका लागि नेपाल ‘भर्जिनल्याण्ड’ हो”, पुनले भन्नुभयो, “तपाईंमार्फत लगानी सम्मेलनमा अमेरिकी लगानीकर्ताकोसहभागिताबढीभन्दा बढी होओस् भन्ने आग्रह गर्न चाहन्छु।”

पुनले नेपालमा लगानीका लागि कृषि, उद्योग तथा सूचना प्रविधि क्षेत्रमा राम्रो सम्भावनाको क्षेत्र भएको बताउनुभयो।

लगानी सम्मेलन पूर्वनिर्धारित समयमै हुने बताउँदै सरकार त्यसले त्यसको तयारीका लागि तीव्रता दिइरहेको पनि उहाँले उल्लेख गर्नुभयो।

राजदूत थम्प्सनले लगानी सम्मेलनमा ठूलो सङ्ख्यामा अमेरिकी लगानीकर्ता आउन इच्छुक रहेको जानकारी दिनुभयो । उहाँले अमेरिकी लगानीकर्ता नेपालमा आउन आकर्षित रहेको भन्दै त्यसका लागि वातावरण बनाउन नेपालस्थित अमेरिकी दूतावासले सक्रिय सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

त्यसअवसरमा राजदूत थम्पसनले सङ्क्रमणालीन न्यायसम्बन्धी विधेयक चाँडै टुङ्गो लाग्ने र त्यसलगत्तै शान्ति प्रक्रियाको कामले तीव्रता पाउनेमा विश्वास व्यक्त गर्नुभयो।

“सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक चाँडै टुङ्गिने र शान्ति प्रक्रियाका बाँकी काम सकिनेमा अमेरिका आशावादी छ”, राजदूत थम्प्सनले भन्नुभयो, “त्यसमा सहयोग गर्न अमेरिकी सरकार तयार छ।”

थम्प्सनले शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन आवश्यक आर्थिक सहयोगका लागि अमेरिका तयार रहेको र विश्वका अरु धेरै देश पनि सहयोगका लागि तत्पर रहेको पाएको उल्लेख गर्नुभयो।

भेटमा उहाँले अमेरिकाले गर्दै आएको विकास सहयोग जारी रहने प्रतिबद्धता जनाउनुभयो।

आइतबारको भेटवार्ताका क्रममा राजदूत थम्प्सनले मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को अनुदानअन्तर्गत नेपालमा कार्यान्वयन भइरहेको परियोजना समयमै सक्ने गरी काम अघि बढोस् भन्नेमा पनि चासो राख्नुभएको छ।

त्यसको जवाफमा मन्त्री पुनले अमेरिकाले नेपालको समग्र विकासमा सहयोग गर्दै आएको उल्लेख गर्नुहुँदै आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धताका लागि थम्प्सनलाई धन्यवाद ज्ञापन गर्नुभयो।

एमसिसीअन्तर्गतका परियोजनाको काम सुरु भइसकेको भन्दै समयमै सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको पनि मन्त्री पुनले बताउनुभयो। रासस

# अम्रिसोको मूल्य घट्दा किसान चिन्तित



विराटनगर । अम्रिसोको मूल्य निरन्तर ओरालो लागेपछि मोरङका किसान चिन्तित बनेका छन्। गत वर्षको तुलनामा यसवर्ष अम्रिसोको मूल्यमा ५० प्रतिशतले गिरावट आएपछि किसान चिन्तित हुनु परेको हो।

गत वर्ष यही समयमा अम्रिसोको प्रतिकेजी रु १३० सम्म रहेकोमा हाल पचास देखि ६० सम्ममा मात्र कारोबार भइरहको मोरङ लेटाङका अम्रिसो व्यवसायी गोपाल लुइँटेल बताउनुहुन्छ। “किसानसँग खरिद गरेको काँचो अम्रिसो सुकाउँदा औसतमा १५ देखि २० प्रतिशतसम्म घट्ने गरेको बताउँदै प्रतिकेजी रु ७० देखि ७५ सम्ममा झापाको धुलाबारीस्थित डिलरमा आफूले बेच्ने गरेको” उहाँले बताउनुभयो।

पछिल्लो समय पूर्वी पहाडी भेगका अधिकांश किसान नगदेबालीको रुपमा व्यावसायिक हिसाबले अम्रिसो खेतीमा आकर्षित भएका छन्। “गतवर्षसम्म अम्रिसोको कुचोबाट प्रशस्त आम्दानी हुन थालेपछि किसान यसतर्फ आकर्षित भएका थियौं, यस पटकको अम्रिसोको मूल्यले निरास बनायो” लेटाङ- १ का किसान यामबहादुर मगर बताउनुहुन्छ। पाँच रोपनी बारीमा लगाएको अम्रिसो वार्षिक दश मन जति उत्पादन हुने गरेको मगर बताउनुहुन्छ । किसान मगरका अनुसार “गत साल प्रतिकेजी रु १४० सम्ममा लेटाङ बजारमा अम्रिसो कारोबार भएको थियो।” विगतका वर्षमा राम्रो आम्दानी हुने गरेकाले हौसिएर अरु बाली मासेर अम्रिसो लगाएकामा अहिले मूल्य नपाउदा दुःख लागेको अम्रिसो उत्पादन गरेका किसान हस्त मगर बताउनुहुन्छ।

ओरालो र भिरालो ठाउँमा हुने अम्रिसो वर्षमा एक पटक मात्र उत्पादन हुने गर्दछ । तराईका बजारमा सजिलै बिक्री हुने भएकाले धेरै किसानको यसतर्फ आकर्षण बढेको छ। कुनै सयम बिक्री नभएर बस्तु चौपायको आहारा बन्ने गरेकामा अहिले राम्रो आम्दानीको स्रोत हुन थालेपछि किसानको यस तर्फ आकर्षण बढेको लेटाङ १ का वडाध्यक्ष विष्णु मगर बताउनुहुन्छ। रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ । आइतबार नेप्से परिसूचक २२ दशमलव १० अङ्कले बढेर दुई हजार ५२ दशमलव ६५ को बिन्दुमा कायम भएको हो।

आइतबार तीन सय चार कम्पनीका ७० लाख ४३ हजार चार सय ५७ कित्ता शेयर ५६ हजार सात सय २६ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ९२ करोड २७ लाख ७१ हजार पाँच सय ५८ बराबरको कारोबार भएको छ।

जलविद्युत् समूहको उपसूचक शून्य दशमलव १२ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै लघुवित्त समूहको उपसूचक चार दशमलव २१ र जीवन बीमा समूहको उपसूचक एक दशमलव ८४ प्रतिशतले बढेको छ । बैकिङ समूह शून्य दशमलव ७४, विकास बैंक एक दशमलव ०८, वित्त समूह एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव १२ र लगानी समूह एक दशमलव २६ प्रतिशतले बढेको छ । त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ९१, म्युचुअल फण्ड एक दशमलव ०१, निर्जीवन बीमा एक दशमलव ३४, व्यापार शून्य दशमलव ६५ र अन्य समूह शून्य दशमलव २८ प्रतिशतले बढेको छ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ०६ र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९५ प्रतिशतले घटेको छ।रासस

# धार्मिक, सांस्कृतिक परम्परा समाजलाई जोड्ने काम गर्छ : पूर्वराष्ट्रपति डा. यादव



**संजय यादव**

जनकपुरधाम, २७ फागुन : पूर्वराष्ट्रपति डा रामवरण यादवले समाजलाई जोड्नका लागि धार्मिक, सांस्कृतिक परम्परा महत्वपूर्ण रहेको बताएका छन् ।

मिथिला क्षेत्रको महत्वपूर्ण सांस्कृतिक पर्व मिथिला माध्यामिकी परिक्रमाको आइतबार शुभारम्भ गर्दै पूर्वराष्ट्रपतिडायादवलेमाध्यमिकी परिक्रमा मिथिलाको सांस्कृतिक र ऐतिहासिक पहिचानसँग जोडिएकाले यसले समाजलाई जोड्ने काम गरिरहेको बताए ।

उनले भने-'मिथिलाको सांस्कृतिक इतिहास हजारौं वर्ष पुरानो छ । यो यहाँको सभ्यता र पहिचान पनि हो । त्यसैले यसको संरक्षणका लागि सबैले भूमिका खेल्न जरुरी छ ।'

कार्यक्रममा मधेश-प्रदेशका उद्योग, पर्यटन तथा वातावरणमन्त्री सुनिता यादवले मिथिला माध्यमिकी परिक्रमा क्षेत्रको व्यवस्थित विकासका लागि गुरुयोजना बनाएर काम गर्ने गरी प्रक्रिया अगाडि बढेको जानकारी दिइन् । उनले परापूर्वकालदेखि चलिआएको माध्यमिकी परिक्रमा संस्कृतिलाई व्यवस्थित बनाउन, परिक्रमा क्षेत्रका ऐतिहासिकस्थललाई राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पदाका रूपमा विकास गर्नुपर्ने आवश्यकतासमेत रहेको बताइन् ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सल्लाहकार नन्दकिशोर यादव, मिथिला बिहारी नगरपालिकाका प्रमुख राजेन्द्रप्रसाद यादवलगायतले मिथिला मध्यमिकी परिक्रममास्थल वडा नं ८ कचुरीस्थित मिथिला बिहारी मन्दिरको संरक्षण र विकासका लागि सबै तहका सरकार र निकायलाई आग्रह गरे ।

नेपाल ११ र भारतका चारसहित विभिन्न १५ स्थानमा विश्राम गरी एक सय ३३ किलोमिटर पैदलयात्रा गर्ने यो पर्वलाई यहाँ विशेष महत्वका साथ लिने गरिन्छ । 'जय सियाराम जय जय सियाराम' को मन्त्रसहति आइतबार धनुषाको मिथिला विहारी मन्दिरबाट झाँकी, कीर्तनसहित श्रद्धालुहरूले यात्रा प्रारम्भ गरे ।

सहभागीहरूले परम्परागत बाजागाजा, झाँकीसहित मौलिक पहिरनमा सहभागी भएका छन् । अठारौंशताब्दीदेखिधार्मिकयात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आइएको र यो धार्मिक यात्रा १५ दिनभित्र जनकपुरमा होली खेलेर फागुपूर्णिमा तिथि पारेर समापन गर्ने परम्परा रहेको मिथिला विहारी मन्दिरका महन्थ रामनरेश शरणले जानकारी दिए ।

# सडक निर्माणमा ढिलासुस्ती

**एक प्रदेश निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम अन्तर्गत प्रदेश सरकारको ४८ करोड ७३ लाख ९२ हजार ४ सय ५६ रुपैयाँ आर्थिक सहयोगमा निर्माणाधीन ती सडकको काम अलपत्र परेको छ ।**

**टुडे समाचारदाता**

जलेश्वर । पूर्वाधार विकास कार्यालय महोत्तरीबाट ठेक्का भएका विभिन्न आठ वटा सडक कालोपत्रको काम अलपत्र परेको छ । एक प्रदेश निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम अन्तर्गत प्रदेश सरकारको ४८ करोड ७३ लाख ९२ हजार ४ सय ५६ रुपैयाँ आर्थिक सहयोगमा निर्माणाधीन ती सडकको काम अलपत्र परेको छ ।

कालोपत्रे गर्ने कार्यको सम्झौता अवधि सकिए पनि सडक बन्न नसक्दा धुलो र गिट्टीका कारण सर्वसाधारणले जोखिमपूर्ण यात्रा गर्नु परेको छ । जसले बालबालिका, बृद्धबृद्धा, आँखाबाट कमजोर देख्न सक्नेलाई समस्या भएको मटिहानी नगरपालिका-३ आवरका हेमचन्द्र यादवले बताए ।

२०७९ असारमा ठेक्का लिएका २०८० पुस १५ भित्र काम सक्ने गरी प्रत्येक निर्वाचन क्षेत्रमा ५ किलोमिटर कालोपत्रे सडक गर्न ठेकेदार कम्पनीले पहिलो चरणको सम्झौता गरेका थिए । यो अवधिमा काम नसकिएपछि दोस्रोपटक म्याद थप्ने प्रक्रिया सुरु भएको पूर्वाधार विकास कार्यालयका ईन्जिनियर बीरेन्द्र साहले बताए । डेढ वर्षमा सबै सडकको कार्य प्रगति औसतमा २५ देखि ६० प्रतिशत भएको छ । सबबेस', 'स्ट्रक्चर' र कतैकतै बेसको काम सकिएर रोलिङको काम भइरहेको छ । प्रत्येक सडकको ठेक्का रकम साढे पाँच करोडदेखि सात करोड ८४ लाख सम्मको छ ।

जिल्लाका लागि यो आठवटै सडक कालोपत्रे भइसकेपछि प्रत्येक पालिकाको कनेक्सन जोडिन्छ । तर प्रदेश सरकारको बजेट अभावसँगै निर्माण व्यवसायीको ढिलासुस्तीले सडक निर्माणले गति लिन सकेको छैन् । सडक लथालिङ गरेर छाडिएकाले सडकमा दुर्घटनाको साह्रै डर छ, मनरासिस्वा नगरपालिकाका प्रकाश रायले भने डोजरले पुरानो कल्भर्ट उखेलेर यत्रतत्र छाडिएको छ । गिट्टी त्यतिकै छाडेपछि बाइक चिप्लिने सधैं डर छ । मनरासिस्वा नगरपालिकाका नगरप्रमुर्ख मोहन पाण्डेले सडकको काम गुणस्तरीहीन र बजेटका अनुसार नभएकाले छानविन गर्नुपर्नेमा जोड दिए ।



बर्दिवास ५ हाइवे देखि खयरमारासम्म सडक, पूर्व पश्चिम राजमार्ग खयरमारा बजार बहुप्राविधिक शिक्षालय मरिनाखोला मदन भण्डारी लोकमार्ग सडक, थरुवाही रेन मरुवाही मधवा सडक ,मनरासिस्वा १ मनरादेखि सोनोल लक्ष्मीनिया बैरगिया रामगोपालपुर टेंगेर भेटपुर हुदै हुलाकी सडक, बलवा नगरपालिका ११ भल्नी अध्यानपुर दोलाठी भेटपुर सडक, रतवारा हुदै गोनरपुरा हिरदुआ बलवा बजार देमनमा सरन्चिया विर्ता सडक खैरबनी बोर्डर देखि खेस्राहा मगरथाना सडक र सारी देखि सिमरदही धिरापुर मझौरा विसनपुर गोवरौरा हुदै दनौलीसम्म सडक गरी आठ वटा सडकको ठेक्का स्वच्छन्द कमल वीएमएमविल्र्डस जेभि जनकपुरधाम शिव शक्ति लक्ष्मण रेखा जेभी, पुष्पाञ्जली कन्ट्रक्सन काठमाण्डौ, पीआर ओम जेभी धनेशवरी ९ सप्तरीले लिएका छन ।

पूर्वाधार विकास कार्यालयका अनुसार बर्दिवास ५ हाइवे देखि खयरमारासम्म सडकको कालो पत्रे गर्ने ठेक्का शिव शक्ति लक्ष्मण रेखा जेभीले ५ करोड ३५ लाख रुपैयाँमा लिएका छन् । २०७९ असारमा ठेक्का लिएका सो कम्पनीले ४ किलोमिटर वेस तयार गरेका छन् । यसको भौतिक प्रगति ६० प्रतिशत मात्र रहेको छ । थरुवाही रेन मरुवाही मधवा सडकको ठेक्का पाएका शिव शक्ति लक्ष्मण रेखा जेभीले काम शुरु गरेका छन् । उनले ५ करोड ६८ लाखमा ठेक्का पाएका छन् ।

पूर्व पश्चिम राजमार्ग खयरमारा बजार बहुप्राविधिक शिक्षालय मरिनाखोला मदन भण्डारी लोकमार्ग सडक हो ५ करोड ५८ लाख मा पुष्पाञ्जली कन्ट्रक्सन काठमाण्डुले ठेक्का लिएका थिए । यसको भौतिक प्रगति ६० प्रतिशत रहेका छन् । साढ़े चार किलोमीटरमा बेस तयारी कार्य शुरु गरेका छन् । मनरासिस्वा १ मनरादेखि सोनोल लक्ष्मीनिया बैरगिया रामगोपालपुर टेंगेर भेटपुर हुदै हुलाकी सडक निर्माण गर्ने ठेक्का पीआर ओम जेभी धनेशवरी ९ सप्तरीले ५ करोड ३३ लाख रुपैयाँमा ठेक्का लिएका थिए ।

यसको ५० प्रति शत कार्य प्रगति गरेका छन् । सारी देखि सिमरदही धिरापुर मझौरा विसनपुर गोवरौरा हुदै दनौलीसम्म सडकको ७ करोड ८४ लाख ८१ हजार ५ सय ४३ रुपैयाँमा ठेक्का लिएका पीआर ओम गणेश जेभी धनेश्वरी ९ सप्तरीले ५० प्रतिशत भौतिक प्रगति गरेका छन् । बलवा नगरपालिका ११ भल्नी अध्यानपुर दोलाठी भेटपुर सडकको ६ करोड ४९ लाख ६६ हजार ७सय ६३ रुपैयाँमा ठेक्का लिएका जगदम्बा मिसन विजया सिर्जना जेभि काठमाण्डु बानेश्वरले ५५ प्रतिशत भौतिक प्रगति गरेका छन् । रतवारा हुदै गोनरपुरा हिरदुआ बलवा बजार देमनमा सरन्चिया विर्ता सडक ६ करोड १ लाख २८ हजार १ सय ४९ रुपैयाँमा ठेक्का लिएका स्वच्छन्द कमल वीएमएमविल्र्डस जेभि जनकपुरधामले २५ प्रतिशत भौतिक प्रगति गरेका छन् र खैरबनी बोर्डर देखि खेस्राहा मगरथाना सडक ६ करोड ४४ लाख १६ हजार १सय ६० रुपैयाँमा ठेक्का लिएका जगदम्बा मिसन विजया सिर्जना जेभि काठमाण्डु बानेश्वरले ५० प्रतिशत भौतिक प्रगति गरेका छन् । प्रत्येक सडक ५ किलोमीटर निर्माण हुनेछ ।

पूर्वाधार विकास कार्यालय महोतरीका प्रमुख राजेश लाल कर्णले निर्माण कम्पनीहरुलाई ताकेता गर्दै आए पनि निर्माण कार्य अगाडि नबढाएको बताए । तर सम्झौता बमोजिम काम सम्पन्न गर्ने तदारुकता नदेखाएको उनले बताए ।

सरकारले सडकको भौतिक प्रगतिअनुसार निर्माण कम्पनीलाई बजेट निकासा नगरेकाले निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेकाले ती सडक अलपत्र परेका मधेश प्रदेश नेकपा एमाले संसदीय दलका नेता सरोज यादवले भने उनले सडक निर्माण कार्यलाई द्रुत गतिमा बढाउनका लागि सरकारसंग बजेटको माग गरे । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा महोतरीका विभिन्न ८ वटा सडकलाई कालोपत्र गर्न ४८ करोड ७३ लाख ९२ हजार ४ सय ५६ रुपैयाँ विनियोजन गरेको थियो ।

कालोपत्रमा रकम अभाव हुन नदिन प्रदेशले चालु आर्थिक वर्षमा थप १२ करोड रुपैयाँ विनियोजन गरेको छ । तर, सडक निर्माणको काम निर्धारित समयमा नहुँदा आर्थिक वर्ष २०८०/८१ मा आएको १२ करोड रुपैयाँ फिर्ता जाने सम्भावना बढी रहेको पूर्वाधार विकास कार्यालय महोतरीले जनाएको छ ।

पुस मसान्तसम्म निर्माण सकिनुपर्ने ठेक्काको काम हालसम्म २५ देखि ६० प्रतिशत मात्र भएको छ । पुससम्मको निर्धारित समयभित्र कालोपत्र सम्पन्न नभएपछि ठेकेदार कम्पनीकै अनुरोधमा पूर्वाधार विकास कार्यालयले बैशाखसम्म म्याद थपे पनि कामले गति लिएको छैन । प्रदेश सरकारले आठवटै सडकका लागि चालू आर्थिक वर्षमा डेढ/डेढ करोड गरी १२ करोड थप गरेको थियो । 'सडक कालोपत्र गर्दा रकम अभाव नहोस् भनेर प्रदेशले थप बजेट विनियोजन गरेको हो' एक प्राविधिक भन्छन्, 'तर, समय अवधि बमोजिम निर्माण कार्य नहुँदा पुरानै विनियोजित रकम सकिएको छैन्, चालू आवमा आएको पैसा फिर्ता हुने बढी सम्भावना छ ।

# मधेश केन्द्रित तीन पार्टीबिच कार्यगत एकताको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश केन्द्रित दलहरु जनमत पार्टी, तमलोपा र जनता प्रगतिशील पार्टीबिच कार्यगत एकता भएको छ । आइतबार ती दलले कार्यगत एकता गर्ने घोषणा गरेका छन् ।

जनमत पार्टीका अध्यक्ष सिके राउत, जनता प्रगतिशील पार्टीका ह्दयेश त्रिपाठी र तमलोपाका अध्यक्ष अध्यक्ष वृषेन्द्रचन्द लालले संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै कार्यगत एकताको घोषणा गरेका छन् ।

यसअघि तमलोपा र जनता प्रगतिशीलबिच कार्यगत एकता भएको थियो । सो अभियानमा जनमत पार्टी पनि मिसिएको छ । जनता प्रगतिशिल पार्टीले कार्यगत एकताका लागि लोसपा र नागरिक उन्मुक्ति पार्टीलाई पनि प्रस्ताव गरेको छ ।



तीन दलले देशको वर्तमान परिस्थितिप्रति चिन्तित र सजग भएको भन्दै ७ बुँदे सहमति समेत गरेका छन् । ती दलले नेपालको संविधानको रक्षार्थ समसामयिक संशोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्न, तराई मधेशका साथै सम्पूर्ण देशमा सुशासन र समृद्धिको लक्ष्य प्राप्ति गर्न, विद्यमान सबै प्रकारका विभदेहरु अन्त्य गर्न, उत्पादनमुखी अर्थतन्त्र स्थापित गरी राष्ट्रिय पूँजी निर्माण गर्ने लगायत ७ बुँदे सहमति गरेका छन् ।

# चार राउण्ड गोलीसहित दुई युवक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । प्रहरीले सर्लाहीको बागमती नगरपालिका-१०, सोल्टीबाट चार राउण्ड गोलीसहित दुई युवकलाई पक्राउ गरेका छन् । पक्राउ पर्नेमा मलङ्गवा नगरपालिका-१, भेडियाहीका २१ वर्षीय पोषण महरा राम र बागमती नगरपालिका-८, शङ्करपुर बस्ने २४ वर्षीय रञ्जित राम छन् ।



विशेष सूचनाका आधारमा परिचालित प्रहरीले बीआर ३० डब्लु ५८८३ नम्बरको भारतीय मोटरसाइकलमा रहेका मलङ्गवाका पोषण महरा रामलाई आठ एमएमको चार राउण्ड गोलीसहित नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

पोसनलाई नियन्त्रणमा लिएर सोधखोज गर्दा बरामद भएको गोली रञ्जित रामबाट लिएको बयान दिएपछि रञ्जितलाई घरबाटै नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उनीहरुलाई इलाका प्रहरी कार्यालय बरहथवाको हिरासतमा राखी थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिए ।

सर्लाहीमा एक साताअघि सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रस्थित ब्रह्मपुरी गाउँपालिका-५, इनरुवाबाट मेड इन यूएसए लेखिएको एक थान पेस्तोल र म्यागजिनमा लोड गरिएको पाँच राउण्ड गोली बरामद गरेको थियो । हतियार बोकेर हिंडेका दुई व्यक्ति भारततर्फ फरार भएका थिए ।

# लाखौं रकम लिएर कार्यालय सहयोगी फरार

**टुडे समाचारदाता**

सिरहा । कृषि ज्ञान केन्द्र सिरहामा करार सेवामा कार्यरत कर्मचारी अजयकुमार कर्णले किसानलाई अनुदानमा ट्र्याक्टर मिलाइदिने आश्वासन दिँदै लाखौं रकम असुल गरी फरार भएका छन् । अहिले पीडित किसान आफूहरूले अनुदानको ट्र्याक्टर पनि नपाएको र रकम फिर्ता नपाएको जनाउँदै चिन्तित भएका छन् ।

पीडितले आफूहरूको रकम फिर्ता हुनुपर्ने माग राखेपछि कर्णले ट्र्याक्टर नपाउने सबैको रकम फिर्ता गरिदिने जनाउँदै विभिन्न मितिका नबिल र ग्लोबल आइएमई बैंकको चेक सहीछाप गरी पीडितलाई दिएका थिए । पीडितले पटक-पटक बैंक जाँदा पनि उक्त खातामा रकम नभएको जानकारीपछि चेक अनादरमा बैंकिङ कसुरसम्बन्धी जिल्ला प्रहरी प्रशासन कार्यालयमा बैंकको अनादार चेक रिपोर्टसहित निवेदन दिएका बताइएको छ । प्रहरी कार्यालय सिरहाका अनुसार कर्ण फरार रहेको र खोजी जारी रहेको छ । सिरहा प्रहरी प्रवक्ता रविन्द्रराज पाण्डेले फरार कर्णको 'केवाइसी' अध्ययन भइरहेको र प्राप्त भएका निवेदनको आधारमा बैंकिङ कसुरसम्बन्धी मुद्दा दर्ता गरी कारबाही अगाडि बढाइने बताए ।

आफूहरूलाई प्रलोभनमा पारी रकम असुली गरिएको औरही गाउँपालिका-२ स्थित तुलसीपुरकी पुनिता महतोले बताए । उनले भने, "ठगी गर्ने कर्ण चिनजानकै व्यक्ति छन् । कृषि ज्ञान केन्द्रका कर्मचारी पनि भएकाले विश्वास गरी ट्र्याक्टर पाउने आशले अग्रिम अनुदानको आधा रकम बुझाइयो । तर अहिले न ट्याक्टर पाइयो, न रकम फिर्ता नै ।" उनका अनुसार कर्णले गत कात्तिक १९ र २० गते नबिल र ग्लोबल आइएमई बैंकको चेक दिएका थिए । तर उक्त खातामा पर्याप्त रकम नभएको बैंकले बताएको थियो ।

महतोजस्तै सुखीपुर नगरपालिका-५ का राजकिशोर यादव पनि ठगी गरी कर्ण फरार भएपछि आफू मानसिक तनाबमा परेको बताए । यादवमार्फत सिरहाको औरही, अर्नामा, कल्याणपुर, मिर्चैया, वरियारपट्टी, लक्ष्मीपुर पतारीलगायतका स्थानबाट ११ स्थानीयले जम्मा ९६ लाख कर्णलाई ट्र्याक्टर पाउने आश्वासनमा बुझाएको जानकारी दिए । उनका अनुसार प्रत्येक पीडित व्यक्तिबाट पाँचदेखि नौ लाखसम्म लिइएको थियो । केही बैंकमार्फत त केही नगदमा उक्त रकमको कारोबार गरिएको यादवले जानकारी दिए ।

पीडितहरूको यकिन तथ्याक नभए पनि सयौंको सङ्ख्यामा हुनसक्ने स्थानीय मनोज यादव बताउछन् । उनका अनुसार नागरिकको कम्तीमा पनि १० करोडबराबरको रकम हिनामिना गरी कर्ण फरार भएका छन् । फरार कर्णको सिरहा नगरपालिका-१० स्थायी घर छ । अहिले दैनिक दर्जनौं पीडित व्यक्ति घर पुग्ने गरेको कर्णको बुवा कृष्णदेवलाल कर्णले जानकारी दिए । छोराको बदमासीका कारण यतिबेला आफू तनाबमा परेको जनाउँदै प्रहरीमा शान्ति सुरक्षाको निवेदन दिएको उनले बताए ।

कृषि ज्ञान केन्द्र सिरहाले भने फरार रहेका कर्ण कार्यालय सहयोगीमात्र भएको जानकारी दिएको छ । पीडितका अनुसार कर्णले नायबसुब्बाको परिचयपत्र झुण्ड्याएको बताए पनि ज्ञान केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठले भने कर्ण कार्यालय सहयोगीमात्र भएको र विगत दुई महिनादेखि तलब पनि नलिएको जानकारी दिए । कर्णले सर्वसाधारणको रकम हिनामिना गरेको सम्बन्धमा आफू जानकार नभएको प्रमुख महासेठले बताए ।

# आर्थिक र सामाजिक रुपान्तरणमा जोड



**टुडे समाचारदाता**

राजविराज।सप्तरीकोकञ्चनरुप नगरपालिकाका निवर्तमान नगर प्रमुख बसन्त मिश्रले आर्थिक र सामाजिक रुपान्तरण जरुरी रहेको बताएका छन् ।

"महिलामालगानीः सभ्य र समुन्नत समाजको थालनी" नाराका साथ ११४औं अन्तर ाष्ट्रिय महिला दिवसको अवसरमा कञ्चनरुप नगरपालिका-८ स्थित डेफोडिल अंग्रेजी माध्यमिक विद्यालयमा आइतबार आयोजित विविध साहित्यिक तथा सांगीतिक कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका छन् ।

राजनीतिक परिवर्तन पछि आर्थिक र सामाजिक रुपान्तरण जरुरी रहेको वताउँदै उनले बाहिरी कुरा गरेर भन्दा सामाजिक यथार्थमा समस्याको पहिचान गरी समाधान खोजिनु पर्ने बताए । कुनै पनि मानेमा महिला कमजोर नरहेकोले महिला आन्दोलनले लक्ष्य प्राप्त गर्ने उनले विश्वास व्यक्त गरे ।

"दिवसलाई चाडपर्वका रुपमा मनाउने होइनू, व्यवहारमा समानता अपनाएर मनाउने हो ।" मिश्रले भने"समस्याहरु उजागर गरेर दवाव दिने उपयुक्त माध्यम साहित्य र कला क्षेत्रका लागि सहयोग गर्न तत्पर रहने प्रतिबद्धता जनाए ।

बुद्यौली साहित्य समाज सप्तरीका अध्यक्ष तिर्थराज पोखरेलले शिक्षा, सम्पति र शक्तिको स्रोत महिला रहेको बताए । पोखरेलले आफ्नो शक्ति पहिचान गर्न र सशक्तीकरणको अभियान जारी राख्न उनले आग्रह गरे । महिलाहरुको सहभागिता नभए सम्म रुपान्तरण हुननसक्ने उनले दावी गरे ।

> "दिवसलाई चाडपर्वका रुपमा मनाउने होइन्, व्यवहारमा समानताअपनाएर मनाउने हो ।"

बुद्यौली साहित्य समाज सप्तरीका सचिव मनोहर पोखरेलले महिला दिवसको राजनीतिक धरातल नै असमानता विरुद्ध निरन्तरको चेतना जगाउने भएकोले थप उपलब्धिका लागि संघर्षरत रहदै अहिले महिलाको संवैधानिकहकको कार्यान्वयनलाई सुनिश्चित गर्न सरकार र दलहरुलाई दबाब दिनुपर्ने बताए । समाजलाई सभ्य र न्यायमूलक बनाउन समानताको सोच सबैमा हुनुपर्ने भन्दै उनले मान्छेको विचार, सोच चिन्तनहरु परिवर्तन गर्न लगातार संघर्ष र आन्दोलन सञ्चालन गर्नुपर्ने बताए ।

कार्यक्रममा अग्रज समाजसेवी फणिन्द्र श्रेष्ठले महिलालाई हेर्ने सामाजिक दृष्टिकोण बदलिन नसकेकोमा चिन्ता ब्यक्त गरे । वर्तमान अवस्थामा जेष्ठ नागरिकको अवस्था नाजुक बन्दै गएको भन्दै श्रेष्ठले अग्रजहरूलाई ज्ञानको भण्डारको रूपमा लिएर ज्ञान, विज्ञान र संस्कार सिक्न बुद्यौली साहित्य समाजको गठन महत्वपूर्ण हुने बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८